जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०७९ फागुन (krishijournal–2023, (February-March)

## International Women's Day 2023

## गरिवी हटाउन सहकारीको भूमिका महत्वपूर्ण छ : सभामुख घिमिरे



दर्ता नं. काजिप्रकादनं १३६/२०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार
# कृषि जर्नल
Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१८, अङ्क १०५ फागुन २०७९

## यस अङ्कमा

१. नेपाली भान्सामा ९० प्रतिशत विदेशी सामान प्रयोग ३
२. किसानका समस्या सुन्ने .... ५
३. अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) ... ७
४. द्वन्द्व नबढाउन महासंघको आग्रह : प्रेस विज्ञाप्ति ९
५. गरिवी हटाउन सहकारीले भूमिका महत्वपूर्ण १०
६. अर्थतन्त्रमा सहकारीको भूमिका कमजोर १३
७. खप्तड लघुवित्त र धौलागिरीबीच ..... १५
८. अन्तर्राष्ट्रिय प्रावधानअनुरूप मापदण्ड ..... १६
९. काँक्रो उत्पादन प्रविधि १७
१०. अर्थतन्त्र सुधार्न कृषि र किसानको ..... १९
११. अन्तर्राष्ट्रिय दिगो कृषि विकास ..... २०
१२. विदेशी लगानीले नेपालको किसानलाई ..... २१
१३. चीनमा नेपाली चिया उत्पादकले ...... २२
१४. जैविक प्रविधिको प्रयोग र त्यसको महत्व २३
१५. कृषिमा प्रत्यक्ष वैदेशिक लगानीको बाटो ..... २५
१६. कृषि, डेरी तथा पोल्ट्रीसम्बन्धी अन्तर्राष्ट्रिय प्रदर्शनी २६
**17. International Women's Day 2023 27**
**18. Four key areas of action to promote ...... 28**
**19. FAMILY FARMERS...... 29**
**20. Six reasons to bring millets to the market 30**
**21. *Giving Indigenous Peoples the* *31***
***22.* Indigenous Peoples Awards 2023 33**
**23. Georgia and Kyrgyzstan: toward ..... 34**
**24. Cash assistance is helping families ...... 35**











व्यक्तिगत मूल्य रु. १००/-
संस्थागत मूल्य रु. २००/-

**प्रकाशक** : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार** : कृष्ण कोपिला, डा.गिरीराजमणी त्रिपाठी, छविन्द्रराज कँडेल, डा.भरतबहादुर पाण्डे
**प्रबन्ध निर्देशक** : श्रीबहादुर खड्का, **प्रधान सम्पादक** : धनबहादुर मगर
**वरिष्ठ सह-सम्पादक** : निर्दोष तिमिल्सिना, हिरा पाण्डे (दिक्षा) रितु रुपाखेती, सरस्वती महर्जन
**मुख्य कार्यालय** : बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
**फोन** : ०१४२८८७४३, **मोवाईल नं.** ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
**Online** : www.krishijournal.com.np, **इमेल** : krishijournal@yahoo.com

सम्पादकीय



# सर्वोच्च अदालतमा परेको रीट १२ वुँदे शान्ति सम्झौता विपरित छ

द्वन्द्वलाई उक्साउने शक्तिहरुको गतिविधि देख्दा नियोजित तरिकाले सलबलाईरहेको देखिन्छ । यसको प्रत्यक्ष घटना सम्मानीय सर्वोच्च अदालतमा सम्मानीय प्रधानमन्त्री माथि परेको रीट हो । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल माथि सर्वोच्च अदालतमा लगाइएको मुद्दाको विषय "सत्य निरुपण तथा मेलमिलाप आयोग" र "वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग"मार्फत र त्यसको विधि विधान अनुसार किनारा लगाउनु पर्ने ठहर हुन्छ ।

बहालवाला प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही समयअघि सार्वजनिक समारोहमा फरक प्रसंगमा दिएको अभिव्यक्तिलाई आधार बनाई सर्वोच्च अदालतमा विगतमा रजिष्ट्रारले दर्ता गर्न नमिल्ने भनी दरपीठ गरेको रिट निवेदन सर्वोच्च अदालतका न्यायधीशद्वयको उत्प्रेषण आदेशका आधारमा दर्ता भएको र सो मुद्दाको बारेमा यही २०७९ फागुन २५ गते (राष्ट्रपति निर्वाचनको दिनमा) सुनवाई राखिएको थियो ।

नागरिकले दिएको सार्वजनिक अभिव्यक्तिको आधारमा न्यायालयमा मुद्दा दर्ता गरिनु संविधानप्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रताको हक विरुद्ध हो । त्यसमाथि जनयुद्धसँग सम्बन्धित मुद्दाहरू संक्रमणकालीन न्यायसम्बन्धी विषय भएकोले तिनको निरुपण 'सत्य निरुपण तथा मेलमिलाप आयोग' र 'वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग'बाट हुनुपर्छ । यसको विपरीत प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को विरुद्ध मुद्दा दर्ता हुनु दुःखद मात्र होइन, ऐतिहासिक विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र नेपालको संविधान विरुद्ध हुन्छ । देशको संविधान र कानुनको ब्याख्याताको रूपमा रहेको सम्मानित सर्वोच्च अदालतले देशमा पुनः द्वन्द्व सिर्जना हुने, जनयुद्धका सहिद तथा वेपत्ता योद्धाहरू, पीडापूर्ण जीवन बाँचिरहेका घाइते तथा अपाङ्ग योद्धाहरू, सहिद तथा वेपत्ताजनका परिवारहरूमाथि अपमान र अन्याय हुने एवं शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन अवरोध सिर्जना हुने कुनै पनि कार्य गर्ने छैन भन्ने कुरामा हाम्रो दृढ विश्वास हुनु पर्छ ।

विश्वको इतिहासमा जनयुद्धले नेपाली सामाजिक क्रान्तिको एक गौरवपूर्ण र ऐतिहासिक परिघटना हो । जनयुद्धकै प्रतिफलस्वरूप नेपाल विश्वको कान्छो गणतन्त्रको रूपमा स्थापित छ । संघीयता, धर्मनिरपेक्षता, समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको व्यवस्थामा पुग्न सफल भएको हो । जनयुद्ध र जनआन्दोलन भाग-२, पूर्व देशमा चरमखालको सामन्ती शोषण तथा क्रुर दमन, जातीय विभेद, छुवाछुत र उत्पीडन थियो । महिलाहरूमाथिको शोषण तथा उत्पीडन वर्णन गरिसाध्य थिएन । कमैया, हलिया, हरवा, चरवा र कमलरीहरूमाथि गरिने शोषण र उत्पीडनको व्यथा सुनिसाध्य थिएन । किसानहरू र आम जनताको ठूलो हिस्सा भूमिहीन, सुकुम्वासी र गरिब थियो, तिनलाई दुई छाक टार्न मुस्किल थियो ।

दलितहरूलाई मन्दिर तथा विद्यालयमा जान र एउटै धारो-पँधेरो प्रयोग गर्न पनि सामाजिक र साँस्कृतिकरूपमा निषेध गरिएको थियो । आदिवासी, जनजाति र मधेसी समुदायका नागरिकहरूलाई उच्च जाति र उच्च पदमा पुगेका मानिसहरूले हली, गोठाला र दासको जस्तो व्यवहार गरिन्थ्यो । उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्गका मानिसहरूले संसद र सरकारमा पुग्ने कुरा कल्पना समेत गर्न सकिँदैनथ्यो ।

नेपालमा साक्षर जनताको संख्या अत्यन्तै न्यून् थियो। गणतन्त्रका लागि आन्दोलनका क्रममा हजारौका छोराछोरीले आफ्नो जीवन बलिदान गरे । जनताका हजारौं छोराछोरीरू अझै वेपत्ता छन् । वलिदानीपूर्ण संघर्षबाट यो गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी र समानुपातिक व्यवस्था आएको हो । जनयुद्धलाई अपराधीकरण गर्नु भनेको १९ दिने जनआन्दोलनलाई अपमान तथा विद्रुपीकरण गर्ने हो भन्ने कुरा बुझ्नु पर्दछ । जनयुद्ध तथा त्यसको नेतृत्व र त्यसका योद्धाहरू, सहिद तथा सहिद परिवारहरूलाई अपमान गर्ने कुरा जो कोहीबाट भए पनि त्यो नेपाली जनताको भावनामा ठेस पुऱ्याउने बाहेक अर्को काम होइन ।

हालै विभिन्न पक्षबाट गर्न खोजिएका प्रतिगामी र जनविरोधी हर्कतहरू प्रति सम्मानीय सवोच्च अदालत सचेत छ ।

नेपालको संविधान हाम्रो मूल कानून हो । संविधानका पालना हामी सबैले गर्नु पर्छ । द्वन्द्व एकपक्षीय हुँदैन । द्वन्द्व दुईपक्षीय हुन्छ । अनेक प्रकारले संविधानको मर्म र भावना विपरित आइरहेको विचारहरु द्वन्द्वलाई बढावा दिने खालका छन् । द्वन्द्व विकासको निम्ति हुनु पर्छ। देश र जनताको प्रगति र समृद्धिको लागि हुनुपर्छ । आर्थिक समृति र गरिबी उन्मूलनको लागि हुनु पर्छ । वर्तमान अवस्थामा द्वन्द्व बढाउने कुनै पनि चेष्टा, कुनै पनि पक्षबाट गर्नु हुदैन ।

आम जनताहरु यतिका बोल्न सक्ने, आफ्ना मागहरु राख्न सक्ने, सामाना गर्न सक्ने अवस्था माओवादी जनयुद्धको धरातलबाट भएको विषयलाई कसैले नकार्न सकिदैन । नेपालको संविधान तथा नेपालको गणतन्त्रात्मक शासन व्यवस्थाले प्रतिस्पर्धात्मक युगको जन्म दिएको छ । यो युगको सदुपयोग गर्न सक्नुपर्छ ।

यद्धि देश फेरि द्वन्द्वमा धकेलिने वाध्य बनायो भने नेपाली जनताको अवस्था कल्पनै गर्न नसकिने हुन सक्छ ।

राज्यबाट भइरहेको कमी कमजोरी जनताको स्तरबाट हेर्दा आलोचनात्मक चेत सहितको सहयोग चाहिएको देखिन्छ । नेपाललको सन्दर्भमा हिजोको इतिहासको एउटा कालखण्डमा हाम्रा पुर्खाहरुले पूरा गरे । पृथ्वी नारायण शाहको दूरदर्शीताको कसैले पनि अस्वीकार गर्न मिल्दैन । एउटा युगको प्रतिनिधित्व पृथ्वीनारायण शाहले पूरा गरे । एउटा कालखण्डको समाप्ति पछि अर्को कालखण्ड गणतन्त्रात्मक शासन प्रणालीको कालखण्ड आएको छ । आफ्नो स्वार्थ पूरा भएन भनेर व्यक्तिगत फाइदा र वेफाइदाको हिसाब किताव गरेर स्वार्थ पूरा गर्न मिल्दैन ।

सर्वोच्च अदालतमा परेको रीटको प्रकृति द्वन्द्वको लागि प्रोत्साहन हुनसक्छ। सम्मानीय सर्वोच अदालतले गम्भीर भएर किनारा लगाउन जरुरी देखिन्छ ।

# नेपाली भान्सामा ९० प्रतिशत विदेशी सामान प्रयोग

*किसानका परिभाषा हुनुपर्छ । पढ्केकोले कुटो कोदालो गर्दैन । जसले पढेको छैन कृषिमा काम गर्छ । म जडिबुटी उत्पादन र इण्डिजिनियस शिपमा आधारित औषधी बनाउँछु । अर्गानिक सर्टिफाई गर्नुपर्छ रे । विज्ञान प्रविधिलाई जोड्नु पर्छ । परम्परागत दिगो हुन्छ । मेरो छोरो इन्जिनियरि पढ्छन् । मैले उनलाई कृषिमा किन नजोड्ने ? मैले एरोमेटिक र मेडिसिनल प्लान्टको काम गर्छु । यो विषय विज्ञहरु धेरै ठाउँमा पुग्दा पनि पाउन सकेन । अनुभव, शिक्षा र प्रविधिलाई जोड्नु पर्छ ।*



काठमाडौं फागुन ५, फरवरी १७ साप नेपालको आयोजनामा ''पुर्णीमा सम्वाद'' अन्तर्गत

कृषि विज्ञ, उद्यमी, अध्यापन, विद्यार्थी, अभियानकर्मी किसान संघ(संगठन बिच, ''कृषि तथा कृषिमा

आधारित उद्योगको विकासमा विद्यमान चूनौंती र विभिन्न निकायहरुको भूमिका'' विषयक अन्तरक्रिया

कार्यक्रम साप नेपालका अध्यक्ष गीता भट्टराईको अध्यक्षतामा सम्पन्न भएको छ । पुर्णीमा सम्वाद कार्यक्रममा राष्ट्रिय किसान समूह महासंघका अध्यक्ष नवराज बस्नेतले आफ्नो संगठन साना कृषकहरुको भएको बताउँदै उद्योग भनेको बाहिरबाट कच्चा पदार्थ ल्याएर सामान उत्पादन गर्ने भनेर बुझिन्छ । उत्पादन नभएको होइन दूध डेरी उद्योगले किसानहरुलाई चिन्नुपर्छ ।१ लाख २० हजार लिटर दूध प्रतिदिन उत्पादन हुन्छ । यहाँको दूध चलायो भन्ने र धेरै किसान घर परिवारलाई पाल्न सक्थ्यौं । छरिएर रहेका उत्पादनलाई मेन स्ट्रीममा ल्याउन चाहने हो भने कृषि अगाडि बढ्न सक्थ्यो निराश हुन पर्दैनथ्यो । अहिले किसानहरुलाई हातमा लाग्यो शुन्या नबनाउन आग्रह गर्दछु ।

गैह्र(सरकारी संस्था महासंघका काठमाडौ जिल्ला अध्यक्ष रत्न उप्रेतीले कृषि प्रधान मुलुकमा कृषिमा आधारित भएर बाँच्ने र बचाउनको निम्ति सम्बन्धित निकाय खुलस्त हुन नसकेको बताउनु भयो । बिउमा आत्मनिर्भर हुन नसकेको र हरेक एग्रोभेट सेन्टरहरुले बिउहरु भारतबाट ल्याएर काम चलाएको छ । समस्या पर्दा आन्दोलन गर्छ । क्षतिपूर्तिको अभाव छ ।

कृषि वन विश्वविद्यालयका सह(प्राध्यापक हुमा न्यौपानेले चिया बाहेक अर्गानिक फार्मिङ्गमा जान सक्छौ. या सक्दैनौं । अत्यधिक मात्रा विषादीको प्रयोग गरिन्छ । केराउको कोशा वा घाँस गाईवस्तुलाई समेत खुवाउनु हुन्न । कृषिको लागि स्थानीय जनप्रतिनिधीले खर्च गर्ने मेसो समेत छैन । नेपालको सिड ट्रेडस डिस्प्लेस हुने अवस्था छ । सयपत्रीको फुल यही नै निकाल्न सक्छौं । सहकारी मार्फत विस्तार गर्ने हो भने एग्रो वेस उद्योग बन्न सक्छ । सहकारी मार्फत संकलन भएर ल्याउन सजिलो पनि हुन्छ ।

बागमती प्रदेशका पूर्व सचिव अच्युत प्रसाद ढकालले कृषिलाई उद्योगको रुपमा अगाडि बढाउने भनेर बिभिन्न कार्यक्रमहरु आएको छ । चुनौंती छ, कृषिको समस्या के हो ? उद्योगको समस्या के हुन् ? कृषि ऋण प्रवर्द्धनमा ठूलो समस्या छ । इन्पुट सप्लाई गर्न बजार छैन । उच्च अस्थिरता छ । जमीन वितरण वैज्ञानिक छैन । अनुसन्धान असाध्य कम छ । आउटडेटेड प्रशोधनको समस्या छ । औद्योगिक क्षेत्रको रुपमा सहयोग पुग्ने किसिमको कार्यक्रम अझै हुन सकेको छैन । कृषिमा आधारित उद्योगलाई कृषि मन्त्रालय भित्रै रहने वा अहिले उद्योग मन्त्रालय अन्तर्गत नै यसको छिनोफानो हुन पर्छ ।

सानै रुपमा भएपनि जैविक विषादी उत्पादन गर्ने कार्यक्रम ल्याएकोमा भने अनुसार स्थापना हुन सकेन । नेपालको सेना र प्रहरीहरुका लागि हामीले कपडा बनाउने सके हाम्रो उद्योग दिगो हुनसक्छ ।

कृषि विज्ञ बालकृष्ण देउजाले उत्पादनको भोलम बढाउनु सक्नुपर्छ बजारमा लगेर मात्र हुँदैन । उद्योग जानु पहिले बजारको ग्यारेन्टी भएपछि मात्र उत्पादन बढाउनु पर्छ । चेन भत्किएको छ । कम्तिमा किसानको सामान एक महिनासम्म जोगाएर राख्ने व्यवस्था भयो भने बजार मूल्य पनि राम्रो पाइन्छ । केही वर्ष पहिले विदेशमा गएको युवाहरुले कृषिमा लगानी गरेको थियो । अहिले उनीहरु निराश भएर फेरि विदेशतिरै फर्केको अवस्था छ । उत्पादनको साधान भूमि, जनशक्ति, लगानी, ऋणको जरुरी हुन्छ । बैंकले ऋण दिन चाहँदैन, हुँदैन पनि भन्दैन । जसको कारण प्रेमप्रसाद आचार्य मात्र नभई धेरै किसानहरु जलेको अवस्था छ ।

कर्मचारीतन्त्रबाट किसानलाई सहयोग पुर्‍यायो जस्तो लाग्दैन । कृषिमा विमा प्रभावकारी भएको छैन । सहकारी मार्फत नै संकलन गरेर नेपाली किसानको उत्पादन दिगो बनाउन सकिन्छ । बजार नेपालमै छ । खाली प्रतिस्थापन गरे मात्र पनि पुग्छ ।

कृषि विज्ञ, किरणराज जोशीले कृषिमा कृषि, पशुपन्छी र माछा पालनमा जस्ता ३ वटा कल्चरमा ध्यानदिनुपर्छ । एग्रीकल्चर राम्रो गर्नु पर्‍यो । फिसरी ब्रिडर राम्रो हुनु पर्‍यो । निर्यात गरेर पैसा पनि कमाउनु पर्छ । स्थानीय सरकारले यस्तो कुरा बुझ्दैन । सीमानामा बजार खुला भएपछि नियन्त्रण गर्न सक्दैन । प्रधानमन्त्री कृषि पढेको व्यक्ति हुन् । उनले कृषि बुझेको छ । कृषिलाई स्थानीय तहबाटै बझ्ने बनाउनु पर्छ ।

कृषि उद्यमी दीपक मिश्रले नेपालीको भान्सामा ९० प्रतिशत विदेशी सामान हुन्छ । चामल ग्राफमा चढेको छ । हाम्रो माटो बिग्रेको छ । मैले अर्गानिक उत्पादनको लागि १०५ रोपनी

जमीनमा सिन्धुपाल्चोकको डडुवा र १६ रोपनी गोकर्णमा कृषि गरिरहेको छु । अर्गानिक गर्दैमा उत्पादन घट्ने होइन । एकजनाले गोलभेडा लगायो अर्कोले पनि त्यही गर्छन् । फाल्नु परेको अवस्था त्यो पनि हो । २१ वर्ष भयो अहिलेसम्म कृषि ऋण खाएको छैन । गाउँगाउँमा समेत बाहिरको उत्पादन पुगिरहेको छ ।

हेल्भेटासमा कार्यक्रम प्रमुख हरि गुरुङले केरामा काम गर्दा केही उत्पादनमा सवसिडाइज गरेका थियौं । उद्योगको रुपमा लैजान लगानी र ऋणको पोलिसी बनाउन खोज्यौं । ऋण पाउने नीतिलाई अभ्यासको रुपमा जानु पर्छ भन्ने लागेको छ । भारतको कृषिको हब नजिकै उद्योगहरु पनि सँगसँगै स्थापना भएका छन् । र चिन भारतको जस्तै सेवा सुविधा र ऋणमा पहुँच बढाउनु पर्छ ।

जडिबुटी उद्यमी गम गुरुङले किसानका परिभाषा हुनुपर्छ । पढेकोले कुटो कोदालो गर्दैन । जसले पढेको छैन कृषिमा काम गर्छ । म जडिबुटी उत्पादन र इण्डिजिनियस शिपमा आधारित औषधी बनाउँछु । अर्गानिक सर्टिफाई गर्नुपर्छ रे । विज्ञान प्रविधिलाई जोड्नु पर्छ । परम्परागत दिगो हुन्छ । मेरो छोरो इन्जिनियरि पढ्छन् । मैले उनलाई कृषिमा किन नजोड्ने ? मैले एरोमेटिक र मेडिसिनल प्लान्टको काम गर्छु । यो विषय विज्ञहरु धेरै ठाउँमा पुग्दा पनि पाउन सकेन । अनुभव, शिक्षा र प्रविधिलाई जोड्नु पर्छ ।

अभियानकर्मी निर्मल प्रसाद रेग्गीले सहकारी मार्फत न्यूनतम् समर्थन मूल्य छलफलमा ल्याएर स्थानीय सरकारले ग्यारेन्टी गरियो भने कृषि उत्पादन बढ्नसक्छ ।

हिकास्टा सह(प्राध्यापक सुस्मिता श्रेष्ठले कृषिमा आधारित उद्योगको लागि धेरै चुनौती छ । अनुसन्धान मार्फत प्रविधिलाई पनि जोडेर कृषि प्रवर्द्धन गर्नुपर्छ । ति विषयहरु किसानसम्म पुग्न सकेको छैन । उपभोक्तामा आधारित माग भएकोले विचौलियाले मात्र फायदा लिएको छ । कृषिका विद्यार्थीहरु बेरोजगार हुने समस्या छ ।

मानवअधिकारकर्मी लगन चौधरीले कृषिको समस्या विगत देखिनै समाधान गर्न नसक्नुमा खुला बजार र सरकारको फितलो नीतिका कारण किसानहरुले त्यसको मार भोग्नु परिरहेको बताउनु भयो ।

अखिल नेपाल किसान महासंघका सचिव सरिता भुसालले कृषिलाई कसरी उठाउने भन्ने विषयमा हुटहुटी हुन्छ । उद्योगमा जोड्न मूल्य श्रृँखलामा जानु पर्छ । उद्योगमा जान भुमिको व्यवस्थापन नगरिकन हुन्न । भुमि व्यवस्थापन प्रमुख विषय हो । स्वेच्छिक उत्पादनको भोलममा उत्पादन गर्न सक्ने उद्योगमा जान सक्छौं भने अनि मात्र उद्योगको आधारहरु तयार हुनसक्छ । देश संघीय संरचनामा गईसक्यो । के गर्ने भन्ने कुरामा अन्यौल छ । ३ वटा सरकार छ तिनवटैबाट एउटै काम गरिरहेको छ । हामीले लौन गर भनेर भनिरहनु परेको छ ।

महिलाहरुको कृषिमा ७२ प्रतिशत योगदान छ । कर्मचारी महिलालाई सुत्केरी विदा हुन्छ । किसान महिलालाई कुनै सुविधा हुन्न । स्वैच्छिक चक्लावन्दीमा गयौं भने बजार र किसानको दूरीलाई कम गर्न सक्छौं । पालिकाले स्पष्ट योजना बनाएर उत्पादनमूखी अथर्ततन्त्रमा जानु पर्छ । राज्य र हाम्रै तालमेल हुन सक्दैन । उच्चमूल्य वस्तुमा जोड दिनु पर्छ । उत्पादन गर्छ एउटाले, मुल्य निर्धारण गर्छ अर्कोले । यस्ता समस्याको समाधान खोजिनु पर्छ ।

उद्योग व्यवसायी नरहरी थापाले नार्क संयोजनको अभाव छ । कृषि क्षेत्र जागिर खाने भाँडो मात्र भएको छ । नेपाल अहिले कृषि प्रधान देश होइन । अहिले कुल्ली उत्पादनगर्ने देश बनेको छ ।

संसारमा बढी रोजगार दिने क्षेत्र भनेको कृषि क्षेत्र नै हो । कृषिको उत्पादन जति छ बजारको समस्या छैन । व्यवस्थापन मात्र भएको छैन । उच्च क्षेत्रमा उत्पादन गरिएका ग्रीन टिको संसारमा माग छ ।

बिएस्सी एजी पढेपछि घुम्ने कर्चीमा बस्छ । पढ्दै कमाउदै गर्नु वातावरण बनाउनु पर्छ । ६ वर्षमा पढाईपनि पूरा हुन्छ पैसा पनि कमाउँछन् ? त्यसतर्फ ध्यान देउन् ।

अखिल नेपालको किसान महासंघका कोषाध्यक्ष प्रेम नारायण अधिकारीले कृषिलाई औद्योगिकीकरण गर्न वातानुकुलिन बनाउनु पर्छ । कतिले करौंडौं लगानी गर्नु भएको छ, कृषि मन्त्रालयबाट ह्यारेसमेन्ट भयो भनेको सुन्दा दुःख लाग्छ ।

म च्याउ व्यवसायी, च्याउ ३ बजे बजारमा ल्याउँनु पर्छ । पुलिस चेकिङ्ग हुन्छ ३ बजे पछि प्रत्येक १० मिनेटको बिचमा मूल्यमा ह्रास आउँछ । कृषिमा कसैले दोहोऱ्याएर अनुदान लिएको छ । अनुदान सरकारले दिने हो भने उत्पादनमा आधारित गरेर दिनुपर्छ ।

प्रा.डा आनन्द आदित्यले कार्यक्रमको संक्षिप्त समीक्षा गर्दै अति उच्च र न्युनतम् मूल्यको कृषि उत्पादनमा जोड दिनु पर्ने बताउनु भयो । यसमा साप नेपालले गरेको कार्यक्रम महत्वपूर्ण भएकाले यस्तै कार्यक्रमहरु निरन्तर गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रमको संयोजन साफ नेपालका निर्देशक नरेन्द्र जोशी तथा कार्यक्रम सहजता सन्तोष भण्डारीले गर्नु भएको थियो ।

**International .......**

Next month, FAO will be launching a new report entitled the Status of Women in Agrifood Systems, which will provide evidence indicating how empowering women can lift millions of people out of food insecurity and make agrifood systems more resilient and sustainable. IFAD is an international financial institution and a United Nations specialized agency.

XBased in Rome - the United Nations food and agriculture hub - IFAD invests in rural people, empowering them to reduce poverty, increase food security, improve nutrition and strengthen resilience. Since 1978, IFAD has provided more than US$24 billion in grants and low-interest loans to fund projects in developing countries.

WFP's work on digital financial literacy helps communities upskill, enhance their livelihoods, access financial services and tools, and in the long run supports development and strengthens food security for all. For example, through its cash-based transfer programmes across the globe, WFP seeks to directly address the barriers to digital and financial services borne out of socio-cultural norms and gender-based stereotypes. By assisting women with digital and financial literacy trainings and working with community champions, WFP helps them to open their own banking, mobile money or other digital accounts, bringing economic benefits including food security to these women and, in turn, to their families and entire societies.

Resources : FAO. Hasan

# किसानका समस्या सुन्ने सडक संघर्ष अनिवार्य  अध्यक्ष : डा.प्रेम दंगाल

काठमाडौं फागुन १८ राष्ट्रिय कृषक समूह महासंघले सातौं सामाजिक लेखाजोखा २०७९ तथा सातौ राष्ट्रिय परिषद भेला सम्पन्न गरेको छ ।

उक्त अवसरमा विभिन्न किसान संघ( संगठनलाई शुभकामना मन्तव्य व्यक्त गर्ने क्रममा सम्बन्धित निकायको भन्छन् किसानले काम गर्छौं भन्छन् तर आम्दानी नै छैन भन्छन् । गाउँ(गाउँमा विकास भएको छ । व्यवस्थामा परिवर्तन भयो अवस्थमा परिवर्तत भएको छैन । अझै पनि ६० प्रतिशत किसानहरु छन् तरपनि दिन प्रतिदिन कृषि पछि परेका छन् ।

मुना कृषि लिमिटेडका अध्यक्ष युवराज गुरुङले विकसित मुलुकहरुमा हरेक हिसाबले कृषकहरु सम्मानित भएको हुन्छ । कृषिमा संलग्न भएका सघ(संस्था धेरै छन् । बीउ विजन प्रशोधन लगायत क्षेत्रको काम गरेका छन् तर परिणामहरु घट्दै गएको छन् ।

केयर नेपालका कृषि विषयक प्रमुख जीवननाथ शर्माले आफ्नै पहिचान गर्ने र योजना बनाउने स्रोत विना योजना अगाडि बढाउन असम्भव हुन्छ । स्रोत स्थानीय, प्रदेश संघीय सरकारबाट आएको छ । उद्यमी किसानको सवालमा ओजनदार हुनुपर्छ ।

पारिवारिक कृषि वनका प्रमुख जोगराज गिरीले सिंहदरबारले सेवाग्राहीलाई नदेखेको बताउँदै सेवाग्राही देउता हुन् भनेर कहिले देख्छन् ? भारतबाट भटामास तरकारीहरु विनारोकतोक आएका छन् । हिजो दक्षिणतिर प्रहार गर्नु पर्छ भन्ने पार्टी सरकारमा छ । राज्यले के दिएको छ ? संगठन भित्र द्वन्द्व हुनुपर्छ छलफलले मात्र चल्दैन । यो संगठनलाई बाज बनाउने हो वा हाँस बनाउने ?

रैथाने प्रोडक्टका अध्यक्ष तिलक ढकालले कार्यक्रम सफल भयो भने मात्र नेपालभरका किसानहरु सफल हुन्छन् । किसानको छोराछोरीले कोदो चिने भने कसरी नेपाली भन्ने ? गुन्द्रुक र जनै समेत चिनबाट पठाउँछ । हाम्रो देशको हाम्रो आफ्नै समाज छ । सानोछँदा खाएको कोदोको खोलेको झलझल सम्झना हुन्छ । हाम्रो कृषि, हाम्रो खेतबारी, हाम्रो बीउ पौष्टिकता भरिपूर्ण थियो । प्रकृतिले भूगोलमा हामीलाई स्रोत दिएको थियो । बिउ मात्र होइन हामी बाँधिएको समाज थियो । बीउ छैन भने हामी छैनौं । वहर्राष्ट्रिय कम्पनीले बिउ दिएन भने हामी



बाँच्दैनौं । तर कर्णाली बाँच्छ । हामीले रैथाने प्रोडक्ट भनेर स्थापना गरेका छौं । हाम्रा रैथाने उत्पादनहरु गुन्द्रुकमा भिटामिन डी पाइन्छ । महासंघका ६३ जिल्लाका किसानहरु लागियो भने ७७ वटा जिल्ला पुग्न सक्छौं । युवा कृषकलाई समेतेर अघि बढ्नुस् । हामीमा रासायनिक विषादी र रासायनिक मल चाहियो भन्ने अवस्थाको अन्त्य होस् ।

नेपाल डेरी एशोसिएसनका अध्यक्ष प्रह्लाद दाहालले ऐन कानून नभएको होइन । कार्यन्वयन पक्ष फितलो छ । कृषिमा ८० प्रतिशत सहुलियत ऋण विग हाउसले लिएका छन् । कृषिमा वैदेशिक लगानी सम्बन्धमा सर्वोच्चले पास गऱ्यो । नेपालीहरु किन कृषिमा लाग्दैन ? सम्माननै छैन, कृषिको आत्मसम्मान हुनुपऱ्यो । विवाह गर्नुपऱ्यो भने कृषकको विवाह हुँदैन । कृषिमा वैदेशिक लगानीको विरोध गरौं ।

गैर(सरकारी महासंघका कोषाध्यक्ष नानीमाया थापाले गैर(सरकारी सामाजिक संघ संस्थालाई संकुचन गरिएको बताए । राज्यबाट कर, भ्याट नविकरणमा बढीनै लगाएको छ । राज्य उत्तरदायी किन भएन ? भारतबाट आएको तरकारी आउन किन दिइयो ? विश्वव्यापीकरण आधुनिक आधुनिक बन्दै गएको छ । गुन्द्रीबाट गलैंचामा स्थानन्तरण हुने क्रम बढ्यो । समृद्ध हुने कुरामा छलफल हुनुपर्छ ।

थापाले किसान भनेर तपाई कसलाई भन्नु हुन्छ ? भन्दा पुरुष भनेर जवाफ पाइन्छ । हाम्रा जमीनहरु बाँझा छन् नैतिक वन्धनको विषय हो । रासायनिक मल रासायनिक विषादी प्रयोग गर्नको कुरामा विरोध गर्नु पर्छ । सहजीकरण भन्दा नियन्त्रण गर्ने कार्य भएको छ ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सिताराम तामाङले हाम्रो नीति नियमलाई राज्यले ठगेको छ । वैदेशिक रोजगारमा जाने अवस्था रोक्नु सक्नुपर्छ । ७६ वर्षको उमेरमा ५० वर्ष यही कुरा गरेर जीवन बिताइयो । विदेशी सहयोग आएको कारण किसानलाई हेला गर्ने सरकारले ठीक ठाउँमा ल्याउन आन्दोलन गर्नुपऱ्यो । सरकारमा जो जान्छ त्यो लाटो हुन्छ । हामीसँग ताकत छ । स्लीपीङ्ग पार्टनर होइन, अभियान पार्टनर बनौं ।

प्रगतिशील राष्ट्रिय किसान संघका अध्यक्ष भाष्करमणी काफ्लेले प्रजातान्त्रिक किसान संगठनहरु सबै एउटै हुनुपऱ्यो भनेर पटक( पटक आवाज उठाएका छौं । उत्पादन भण्डारणका कुराहरुमा जोड दिनुपऱ्यो । रासायनिक मल विस्थापन गर्ने कुरामा जमीन जोत्नेको हो एकजुट हुनु पऱ्यो ।

कृषि विज्ञ दुर्गाप्रसाद जैसीले कार्यन्वयन प्रति हामी कति जिम्मेवार छौं । सरकारवादी किसान संगठन पनि विमुख छैन । महासंघले किसानहरुबीच हातेमालो गरि १ करोड ७० लाख किसानहरुलाई एकजुट बनाउनु पऱ्यो । विदेशबाट आएका युवाहरुलाई कृषिमा लाग्न जोड दिनुपर्छ । कृषिमा पशुपन्छीको कुरा कम आएको छ । वर्ड फ्लुबाट असर पारिएका कृषकहरुको कुरा उठाउनु पर्छ । इको टुरिजमलाई जोड दिनुपर्छ । विषादीबाट पार्ने असरका कुरा महासंघले सचेततापूर्वक उठाउनु पर्छ । जीन बैकले बीउ र कृषि सहकारीले उत्पादनमा जोड दिनुपर्छ ।

खाद्य अधिकारकर्मी लुनानाथ अधिकारीले कृषि जीवकोपार्जन, खाद्य अधिकार, खाद्य सुरक्षा कार्यक्षेत्र शिथिल छ । किसान र युवाहरु कृषिबाट हट्दै गएका छन् । कृषिलाई राजनीतिभन्दा माथि उठाउनु पर्छ । कृषिलाई चाहिने संरचना प्रयाप्त छ । कृषि मन्त्रालय, नार्क, हाइव्रिड र प्राङ्गारिक कृषि क्षेत्रको

पुन संरचनाको जरुरी छ । कृषि बजार प्रभावकारी र किसानको पक्षमा छैन, सहकारीले कृषि क्षेत्रमा किन भूमिका खेल्न सक्दैन ? समस्या उठाएर मात्र हुँदैन विकल्प छ । ६० प्रतिशत भन्दा माथि जमीन बाँझो छ । खाद्य अधिकार ऐन बनेको छ । १ लाख २५ हजार सदस्य भएका तपाईहरुले किसानको हितको लागि कुनै कोष खडा गर्नु भएको छ ? किसानी ऐलानी कोष गठन गर्नुपर्छ । १ लाख २५ हजारबाट कोष बनाउने हो भने कुनै बैंक वा सरकारले हल्लाउन सक्दैन । साना किसानले सरकारी अनुदान लिन प्रयास गर्नुपर्छ । साना किसानहरुको यस्तो कोष कमर्शियल बैंक भन्दा माथि जान सक्छौं । संरचना तयार गर्नु पर्‍यो । धादिङ वेसीमा २६ वटा कृषि सहकारी छन् । जैविक विविधताको संरक्षण गर्न जरुरी छ । अध्ययन अनुसन्धान हुनुपर्छ । रैथाने बाली उत्पादनमा जोड दिनुपर्छ । अहिलेसम्म केही बिग्रीएको छैन । दुइपटक गरि ३८ अर्बको रासायनिक मलको लागि वजेट छुट्याएको छ । ४ लाख १९ हजार मेट्रिक टन मल हामीसँग छ । तर हामीलाई चाहिने मल ७ लाख मेट्रिक टन हो । अब २८(१५ अर्व अनौपचारिक हिसाबले १ खर्बभन्दा बढीको रासायनिक मल खरिद गर्नु चानचुने कुरा होइन । आज रासायनिक मल उत्पादन गर्ने धेरै देशहरुले रासायनिक मल बनाउन छोड्दै गएको छ । चीन अष्ट्रलिया पहिलो अर्गानिक देश हो । जबर्जस्ती रासायानिक कृषि गर्नुपर्छ भनेर थोपरिएको मात्र हो । सरकारले बजारमा आधारित कृषि गर भनिरहेको छ । तर हामी व्यवसायिक रुपमा उत्पादन गर्न थाल्यौं कि फाल्नु पर्ने अवस्था आउँछ ।

१ लाख किलोमिटर बाटोमा आयातित वस्तु कुदाइरहेको छ । ठूल(ठूला विद्धानहरु गाउँमा फर्केर गाईपालन गरिरहेका छन् । पारिवारिक कृषिलाई जोड दिन नसकेसम्म कृषिको समस्या समाधान हुन सक्दैन । सरकार किसान देखिरहेको छैन । सरकार किसान उन्मूलन गर्ने योजनामा छ । १५ औं योजनामा कुनै हालतमा पनि घरेलु किसान राख्नु हुन्न भन्ने अवस्थामा सरकार छ । भू-उपयोग ऐन आएको छ । ऐनको उद्देश्य कृषियोग्य जमीन बनाउने हो । शिक्षा, स्वास्थ सुलभ बनाए मात्र कृषियोग्य जमीन बनाउन सक्छौं भन्ने कुरामा जोड दिन सकिन्छ । किसान आन्दोलन कोठाबाट हुँदैन ।

राष्ट्रिय किसान आयोगमा सदस्य जीवन्ती पौडेलले किसानको गुनासोहरु सोचे जति आएन । गुनासो सुन्ने मात्र होकी भनेर हुन सक्छन् । जिल्लाबाट आएका समस्याहरु जिल्लामै गएर समाधन गर्ने छौं । बिउको सवालमा आफ्नो विरासत किसानहरुले भुलेको छैन जिम्मेवारी पाएको खण्डमा आफ्नो भूमिका पूरा गर्न सक्छन् । आज पनि किसानहरुमा सिर्जनाशीलता बाँकी छ । राष्ट्रिय किसान आयोगको अध्यक्ष तथा अखिल नेपाल किसान महासंघका अध्यक्ष प्रेमप्रसाद दंगालले आयोग मार्फत किसानको कुरा सरकारसम्म पुर्‍याउने हो । विश्व व्यापार संगठनको सदस्य बनेको अवस्थामा र किसानको समस्याहरु सरकारले नसुन्दा सडकबाट पनि राज्यलाई जिम्मेवारी बनाउनु पर्छ । वैदेशिक लगानी लगायत विषयमा छिनोफानो हुनुपर्छ । यस विषयमा राजनैतिक संगठनहरु सहित आउनु पर्छ । किसानमैत्री राज्यको पुनःर्संरचना भएपछि कृषिमा पनि पुनःर्संरचना हुन्छ । किसानलाई राहत दिने विषय गृहमा पुगेर अल्झिएको छ । कृषिसँग सम्बन्धित विषय कृषिमै राख्नु पर्थ्यो । किसानको समस्याहरु बुझ्ने निकाय भएन । किसान आन्दोलनको रणनीति के हो ? संस्थालाई कसरी दिगो बनाउने ? सफलतापूर्वक सञ्चालन गर्न कोष खडा गर्नुहोस् ।

सडक अन्तिम हो । म पनि किसान आन्दोलनको व्यक्ति भएको हिसाबले म जान तयार छौं । निष्कर्ष सहित सबै किसानहरु एक ठाउँमा आउनु पर्छ । सबैका क्षेत्रको समस्या समाधान भए कृषिमा क्षेत्रमा मात्र भएन । कृषि बिग्रीयो भने सबै बिग्रन्छ । कृषि सप्रियो भने सबै सप्रन्छ ।

स्थानीय तहमा हामी दिगो पर्यावरणीय कृषि भन्छौं । हामी प्राङ्गारिक कृषिमा जोड दिन्छौं । स्वास्थ खानु पर्छ । ज्ञापनपत्र दिएर सुनाएको भरमा हुँदैन । सबैसँग साना ठूला छलफल गरेको छौं । अन्तमा निष्कर्षमा पुगेर आन्दोलनको विकल्प छैन ।

कार्यक्रमको अध्यक्षता राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेत र सञ्चालन महासचिव रिता वस्ताकोटीले गर्नु भएको थियो ।

# आयातित कृषि उपज रोक्नुपर्ने माग गर्दै किसानहरू




भरतपुर फागुन २३, चितवनका किसानले कालो बेलुन उडाउँदै कृषि औजार सहितको प्रदर्शन गरेका छन् । उचित मूल्य नपाएपछि तरकारी राजमार्गमा फालेर २०७९ माघ २० विरोध प्रदर्शन गरेका किसान आन्दोलनको सुनवाई नभएको भन्दै पुनः विरोधमा उत्रिएका हुन । आफ्नो मागहरु सम्वोधन गर्न दवावका लागि दोस्रो चरणको आन्दोलन स्वरुप विभिन्न ठाउँबाट भरतपुरको केन्द्रीय बस टर्मिनलमा प्लेकार्ड सहित भेला भएका किसान जिल्ला प्रशासन कार्यालय, वाइपास रोड, कृषि ज्ञान केन्द्र, चौविसकोठी, हुँदै नारायणगढको पुल्चोक पुगेका थिए । राजमार्गमा दर्जनौं ट्रेयाक्टरमा कृषि औजार र विरोधका प्रचार सामाग्रीसहित किसानहरु मार्चपास गर्दै प्रदर्शनमा उत्रिएका हुन् । उनीहरुले आफ्ना माग लेखिएका व्यानर सहित दुईसयभन्दा बढी कालो बेलुन पूर्वपश्चिम राजमार्गको पुल्चोकमा उडाएर विरोध समेत गरेका थिए ।

यस अघि संघीय कृषि मन्त्रीदेखि जिल्ला प्रशासन, कृषि कार्यालय, प्रदेश सहित चितवनका सातवटै स्थानीय तहमा १० बुँदे ज्ञापन पत्र बुझाएका थिए । सम्बन्धित निकायले वेवास्ता गरेको भन्दै पुनः विरोधमा उत्रिनु परेको संघर्ष समितिका संयोजक लेखनाथ भुसालले बताए । किसान संघर्ष समिति चितवनले विदेशी तरकारी आयत्लाई निषेध गर्नुपर्ने माग सहित स्वादेशी तरकारी तथा कृषिजन्य उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने, किसानको वर्गीकरण गरि किसान पेन्सनको व्यवस्था गर्नु पर्ने, उत्पादन र क्षेत्रफलका आधारमा लागत मूल्य नउठेमा सरकारले अनुदान दिनु पर्ने लगायत १० बुँदे माग गरेका छन् ।

# अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) काठमाडौंको चौथौं भेलामा प्रस्तुत प्रतिवेदन

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) काठमाडौंको २०७९ माघ २१ गते भेलामा संगठनका संयोजक हरि वरुवालद्धारा प्रस्तुत सांगठनिक प्रतिवेदन ।

हाम्रो गौरवशाली संगठन अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) को चौथौ जिल्ला भेलामा पाल्नु हुने प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरु, आयोजक साथीहरु, भेलामा उपस्थिति विभिन्न नगरपालिकाबाट आउनु भएको प्रतिनिधी तथा किसान दाजुभाई, दिदी बहिनी लगायत सम्पूर्णमा यस भेलामा हार्दिक स्वागत गर्न पाउँदा म अति नै हर्षित छु । आज हाम्रो संगठन अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) ऐतिहासिक काठमाडौं जिल्ला भेला सम्पन्न गर्ने महत्वपूर्ण क्षणमा उपस्थिति भएका छौं । र यहाँसम्म आईपुग्दा अत्यन्तै गौरवान्वित भएका छौं ।

नेपाली क्रान्तिकारी किसान आन्दोलनको महान यात्रा यो चरणसम्म आइपुग्ने क्रममा हामीले थुप्रै अनुभव उपलब्धिहरु हासिल गर्दै थुप्रै क्षति, चुनौती एवं पीडाहरु पनि व्यहोर्दै आइरहेका छौं । किसान मुक्ति आन्दोलनको यात्रा अगाडि ल्याई पुर्‍याउने क्रममा देश भक्तिपूर्ण आन्दोलनमा, वर्गीय मुक्ति आन्दोलन, जनअधिकार प्राप्तिको आन्दोलन एव. किसान मुक्ति आन्दोलनमा गौरवपूर्ण शाहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरु प्रति हार्दिक क्रान्तिकारी अभिवादन सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा राज्यद्धारा वेपत्ता पारिएका नेता, कार्यकर्ता, योद्धा घाइते, अपाङ्ग यस क्रममा राज्यद्धारा वेपत्ता पारिएका नेता, कार्यकर्ता, योद्धा एवं घाइते अपाङ्ग गहिरो सम्मान भाव प्रकट गर्दछु ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) नेपाली किसान आन्दोलनको क्रान्तिकारी धाराको नेतृत्व गर्दै आएको नेपाली किसानहरुको मूल प्रवाह तथा साझा संगठन हो । यसको मुख्य उद्देश्य साम्राज्यवादी र विस्तारवादी हस्तक्षेप एवं उत्पीडन तथा नेपाली समाजमा रहेको सामान्ति शोषण हैकम र विभेद तथा उत्पादनको स्रोत र साधान माथि भइरहेको एकाधिकारको अन्त्य गर्दै मुलुकको वहुसंख्याक हिस्सामा रहेको किसान मजदुर उत्पीडित सर्वहारावर्गलाई जमीन जोत्नेको नीतिको आधारमा क्रान्तिकारी भूमि सूधार लागु गर्दै जमीन लगायत उत्पादनका स्रोत र साधानहरुमा ती वर्गहरुको स्वामित्व र अधिकार स्थापना गर्नु हो । हाम्रो गौरवशाली संगठन माथि उल्लेखित उद्देश्य पूरा गर्नको लागि आफ्नो स्थापना कालदेखि निरन्तर रुपमा संघर्ष गर्दै आइरहेको छ । र सर्वहारावर्गीय विचार र दृष्टिकोणको आलोकमा एकतावद्ध हुँदै अगाडि बढीरहेको छ ।



**ऐतिहासिक पृष्ठभूमि :**

नेपाली किसान आन्दोलनको ऐतिहासिक पृष्ठभूमि अध्ययन गर्दा किसान आन्दोलन र कम्युनिष्ट आन्दोलनमा एक अर्कामा अभिन्न अंगको रुपमा अन्तर सम्बन्धित भएको पाउँछौं । २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना र त्यसको किसान मजदुरहरुको एकतामा आधारित राज्यसत्ता स्थापना गर्ने नीति एवं उद्देश्य अनुरुप कम्युनिष्ट पार्टीको नेतृत्वमा पृष्ठभूमिको २००७ सालका फाल्गुन १४ गते अखिल नेपाल किसान संघको स्थापना भएको थियो । यस बागमति प्रदेश अन्तर्गत १३ वटा जिल्लाहरु मध्येको एक काठमाडौं जिल्लाको कूल क्षेत्र ३९५ वर्ग किलोमिटर रहेको छ । यो जिल्ला समुन्द्री सतहबाट १३७२ मिटर देखि २७३२ मिटर सम्मको उचाईमा अवस्थित छ । समशितोष्ण हावापानीको वाहुल्यता रहेको, काठमाडौं जिल्ला अधिकतम् तापक्रम ३६ डिग्री सेल्सियस, न्यूनतम् तापक्रम २ डिग्री सेल्सियस र औषत वर्ष १७४.४ मिलिलिटर सम्म हने गरेको छ । यस जिल्लाको सिमाना पूर्वमा भक्तपुर, काभ्रेपलाञ्चोक, पश्चिम धादिङ्ग र नुवाकोट उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक तथा दक्षिणमा ललितपुर र मकवानपुरसँग जोडिएको छ । यस जिल्ला प्रशासनिक रुपमा काठमाडौं महानगरपालिका, कीर्तिपुर नगरपालिका सहित साविक ५७ वटा गाविस मिलाएर थप ९ वटा नगरपालिका रहेका छन् । जसमा दक्षिणकाली ९ वटा नगरपालिका काठमाडौं महानगर पालिका, कीर्तिपुर नगरपालिका सहित साविक ५७ वटा गाउँपालिका मिलाएर थप अरु ९ वटा नगरपालिका रहेको छन् । जसमा दक्षिणकाली, चन्द्रागिरी, नागार्जुन, तारकेश्वर, टोखा, बुढानिलकण्ठ, गोकणेश्वर, कागेश्वरी, मनोहरा र शंखरापुर नगरपालिका रहेका छन् । यस जिल्लामा हाल आधुनिक घर बन्ने क्रम बढ्दो र उर्वर जमीन घडेरीको रुपमा परिणत भएको पाइन्छ भने केही काठ वेल्टमा भने तरकारी खेती, फूलखेती च्याउखेती फलफूलखेती रहेको अवस्था छ भने पशुपालन र पन्छिपालकहरुबाट भने अधिकतम् किसानहरु लाभान्वित हुन सकिरहेका छैनन् । २०७२ सालको विनाशकारी भुकम्प पश्चात पाखाबारीबाट सम्मो खेतहरुमा बसोवास गर्ने क्रम बढ्दो छ भने पाखोबारी खाली र वनपाखोको रुपमा परिणत भएको छ भने डोजर आतंक चलिरहेको छ । उक्त बाँझो बारीलाई कसरी उपयोग गर्ने भन्ने विषयमा लाग्न पर्ने देखिन्छ । पहिला हाम्रो पिता पुर्खाहरुले पाखोबारीमा बसोवास गर्ने त्यहाँ विभिन्न जातको स्थानीय फलफूल लगाउने र सोही फलफूल बिक्री गरेवापत आएको आम्दानी र पाखोबारीमा लगाइने, कोदो, फापर, मकै, घैयाधान साथै सम्मो खेतबाट

आएको धान, गहुँ अन्न बालीले घरमा खाएर बचेको अन्ने बेचेर घरायसी गर्जो टार्ने चलन थियो तर हाल भने पाखोबारीबाट बसाई सरेर सम्मो खेतमा हाम्रा पिता पुर्खाले मान्दै आएको चाडपर्वहरु आफ्नो खेत बारीमाबाट उत्पादित चिज वस्तु जस्तै मास, मस्याङ, जुनेलो, फुसेतिल, लट्टे, फापर, कोदो, भटमास, बदाम, तोरी, सिमी, बोडी, गहत, मकै आदि आफ्नै खेतीबारीको उत्पादनले समय अनुसार चाडपर्व मानिन्थ्यो भने हाल भने हाम्रो खेतबारी बाँझो राख्ने र बाहिरबाट आएको आयातित चिज बस्तुहरु महँगो मूल्यमा खरिद गरि चाडपर्व र घरको आवश्यकता टार्ने अवस्थमा पुगेको छ । रैथाने फलफूलका बोट विरुवालाई वास्ता गरिरहेका छैनौं । रैथानै बिउ विजनहरुलाई प्राथमिकतामा राख्न छाडेका छौं । रासायनिक मल र हाइब्रिड विउको प्रयोगले हाम्रो माटो अम्लिएर भई उर्वरा शक्ति घट्दै गएको वर्तमान अवस्थामा, काठमाडौं मुलुकबाट जस्तो ठाउँमा जहाँ ४०/५० लाख मानिस बसोवास गर्ने यस जिल्लामा अन्य देशहरु भारत, बंगलादेश र तेस्रो मुलुकबाट आयत गरेको चिज वस्तुहरु प्रयोग गरि बाँच्नु परेको छ । केही गरी २०७२ सालमा भारतले अघोषित नाकावन्दी गरे जस्तो कुनै तरिकाले आयत बन्द भयो भने हाम्रो जीवन कस्तो होला कल्पना गरौं त ? त्यसैले किनेर होइन उत्पादन गरेर खान सिकौं भन्ने आग्रह गर्न चाहान्छु । राजनैतिक रुपमा हाम्रो गौरवशाली पार्टी नेकपा (माओवादी)ले थालेको मुक्ति आन्दोलन १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनमा यस काठमाडौं जिल्लाबाट थुप्रै किसान मजदुरहरुको साहदत भएको छ । चौथौं जिल्ला भेलासम्म आइपुग्दा थुप्रै आन्दोलनमा भाग लिने क्रममा कैयौं किसान वेपत्ता पारिएका छन भने कैयौं सहिद भएका छन् त्यसकारण ति विर विरङ्गनाहरुलाई उच्च समान गर्दै वर्तमान अवस्थामा चुनौंतीसँग जुझ्दै अगाडि बढ्न आजको आवश्यकता रहेको छ ।

कृषि क्षेत्रमा भएको वर्तमान चुनौंतीहरु :

१. उन्नत विउविजन नहुनु ।
२. समयमा मल उपलब्ध नहुनु ।
३. जलवायू परिवर्तनको असर हुनु ।
४. जमीन दिन दिनै टुक्रा हुँदे घडेरीमा परिणत हुनु ।
५. सिँचाईको कमि हुनु ।
६. खेती गर्ने बानी घट्दै जानु ।
७. वन्यजन्तुबाट हानी नोक्सानी हुनु ।
८. समयमा वर्षाद नहुनु ।
९. कृषि तालिमको अभाव हुनु ।
१०. उन्नत नश्लको कमी हुनु ।
११. उत्पादित वस्तुको उचित बजारको अभाव हुनु ।
१२. कच्चा पदार्थ आयातमा निर्भर हुनु ।
१३. सर्वसुलभ तवरले कृषि कर्जा उपलब्ध नहुनु ।
१४. किसानलाई पेन्सनको व्यवस्था नहुनु ।
१५. किसान परिचय पत्रको व्यवस्था नहुनु ।

**आशाका किरण तथा समाधानहरु :**

१. पैसा भएपनि खेतीमा काम गरेर उब्जाएको वस्तु खानु पर्छ भन्ने चेतनाको विकास हुनु ।
२. सिँचाईको लागि आकाशे पानी संकलन र सिँचाई व्यवस्थाको खोजी हुनु ।
३. ताजा मासु तथा मासुजन्य कुराहरु खानु पर्छ भन्ने मान्यताको विकास हुनु ।
४. दुध तथा दुधजन्य पदार्थ प्रयोगमा वृद्धि हुनु ।
५. जैविक मल प्रयोगबाट खेती गर्ने क्रम बढ्नु ।
६. फर्म दर्ता गराएर मात्र व्यवसाय गरिनु ।
७. विषादी प्रयोग गरेको चिज वस्तुप्रयोगमा कमी आउनु ।
८. कौशी खेतीबाट कृषिजन्य वस्तु प्रयोग गर्ने क्रम बढ्नु ।
९. पालिकाबाट वार्षिक रुपमा कृषि क्षेत्रमा छुट्याएको वजेटमा पहुँच हुनु ।
१० खेतबारी जोत्न शसर्त अनुदान र अनुदानमा कृषि औजार उपलब्ध हुनु ।
११. सिँचाईको लागि आवश्यक पाइप तथा अन्यको व्यवस्था आदि हुनु ।

**संगठनको अवस्था :**

हाम्रो संगठन अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)को नेकपा पार्टी फुटेपछि हाम्रो प्रयासमा केही पालिकामा कमिटी बनेको अवस्था छ । जस्तै कीर्तिपुर, नागार्जुन, चन्द्रागिरी र तारकेश्वर, बुढानिल्कण्ठ र गोकर्णेश्वरमा कमिटी गठन भएर कार्य सम्पादन भईरहेको छ र अन्य पालिकामा गर्ने क्रममा स्थानीय चुनाव र संघ प्रदेशको अमम चुनावको कारणले केही ढिला भएको अवस्था छ भने अब यस भेलाबाट जिल्ला कार्य समिति बनेपछि सबै पालिकामा किसान संगठन गठन तथा पुनर्गठन गर्ने र आम किसानको बीचमा सहकार्य गर्दै किसान हितको लागि अगाडि बढ्नेछ ।

**आगामी कार्यभार :**

आगामी दिनहरुमा हाम्रो गौरवशाली संगठन अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)ले हाम्रो जिल्लाका पाखोबारी खाली र सम्मो खेतहरुमा आवाश बढ्दो रहेको अवस्थामा र विभिन्न नाममा जमीन टुक्रा हुने क्रमलाई रोक्ने र खाली भएको जमीनमा पहिचान वा खोजी गरेर सामुदायिक खेती, सहकारी खेती गर्ने र कृषि सहकारीलाई व्यापक विस्तार गर्ने र आम किसानलाई उत्पादनसँग जोड्दै जाने र किसानले खेती बाली तथा दुधजन्य तथा मासुजन्य पदार्थ लगाउँदा कुन सिजनमा कुन वस्तु लगाउँदा या पालन गर्दा किसानले मुल्य पाउँछन् भन्ने विषयमा किसानलाई पहिला नै जानकारी हुने खालको किसान कल सेन्टर वा जानकारी पेजको सूचारु गर्नु आवश्यक देखिन्छ । रासायनिक मलको विकल्पमा जैविक मल उत्पादनमा जोड दिने पाखोबारी वा वन जंगलमा सिजन अनुसार झरेको पात पतिंगर संकलन गरेर खाल्टे मल बनाउन, गड्यौले मल बनाउने, आ(आफनो भान्साबाट निस्केको कुहिने वस्तुलाई मलको रुपमा प्रयोग गर्न प्रेरित गर्ने गराउने गर्नु पर्छ भने किसानहरुलाई प्रत्येक पालिकाबाट दिइने कृषि तालिम, अनुदान सबै खाले सहयोगहरु तलका साधारण किसानको पहुँच सम्म पुऱ्याउने, यस संगठनले भूमिका प्रभाव र विस्तार गरी किसान अधिकारको लागि संगठित र एकतावद्ध हुन जरुरी देखिन्छ । साथै केही महिना अगाडि कम्युनिष्ट पार्टी निकट ६ किसान संगठनहरुले २०७९ श्रावण १४ गते तत्कालीन नेपालका सरकारका प्रधामन्त्री श्री शेबरबहादुर देउवा समक्ष पेश गरेका ५९ वटा मागका बुँदालाई लागु गर्न दवाव सिर्जना गर्ने र सबै किसानहरुलाई संगठित गर्ने र कृषि क्रान्तिमा अग्रसर हुन हाम्रो जिल्लाको यस आखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी केन्द्र) आन्दोलनमा सरिक हुन आव्हान गर्न चाहन्छु । अन्त्यमा हाम्रो गौरवशाली संगठन अखिल नेपाल किसान महासंघ क्रान्तिकारी केन्द्र आन्दोलनमा काठमाडौंको चौथौ जिल्ला भेलामा पाल्नु हुने प्रमुख अतिथि विशेष अतिथि, अतिथिहरु, उपस्थित किसान दाजुभाई दिदी बहिनीहरु यो कार्यक्रममा र भव्य र सभ्य बनाउने सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । साथै हल तथा मञ्च व्यवस्थापनमा खट्नुहुने साथीहरु आयोजक साथीहरु सबैमा हार्दिक नमन गर्दै विदा हुन चाहन्छु ।

**संयोजक : हरिशरण वरुवाल**

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) काठमाडौं जिल्ला समिति

# द्वन्द्व नबढाउन महासंघको आग्रह
# प्रेस विज्ञप्ति



काठमाडौं फागुन २५ नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल माथि सर्वोच्च अदालतमा लगाइएको मुद्दाको विषयलाई अखिल नेपाल किसान महासंघ

(क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठले ''सत्य निरुपण तथा मेलमिलाप आयोग'' र ''वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग''मार्फत किनारा लगाउनु पर्ने ठहर गरि प्रेस विज्ञाप्ति प्रकाशित गरि सार्वजनिक गरिएको छ ।

प्रेस विज्ञाप्ति

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का पूर्वअध्यक्ष, नेपाली जनवादी क्रान्तिका महानायक एवं गणतन्त्र नेपालका प्रथम तथा बहालवाला सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही समयअघि सार्वजनिक समारोहमा फरक प्रसंगमा दिएको अभिव्यक्तिलाई आधार बनाई उहाँलाई गिरफ्तार गरी जेल हाल्ने मागसहित सर्वोच्च अदालतमा विगतमा रजिष्ट्रारले दर्ता गर्न नमिल्ने भनी दरपीठ गरेको रिट निवेदन सर्वोच्च अदालतका न्यायधीशद्वयको उत्प्रेषण आदेशका आधारमा दर्ता भएको र सो मुद्दाको बारेमा यही २०७९ फागुन २५ गते (राष्ट्रपति निर्वाचनको दिनमा) सुनवाई राखिएकोमा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)को गम्भीर ध्यानाकर्षण भएको छ ।

नागरिकले दिएको सार्वजनिक अभिव्यक्तिको आधारमा न्यायालयमा मुद्दा दर्ता गरिनु संविधानप्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रताको हक विरुद्ध हो । त्यसमाथि जनयुद्धसँग सम्बन्धित मुद्दाहरू संक्रमणकालीन न्यायसम्बन्धी विषय भएकोले तिनको निरुपण 'सत्य निरुपण तथा मेलमिलाप आयोग' र 'वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग'बाट हुनुपर्छ । यसको विपरीत सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को विरुद्ध मुद्दा दर्ता हुनु दुःखद मात्र होइन, ऐतिहासिक विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र नेपालको संविधान विरुद्ध भएकोले सो रिट पहिलो सुनुवाइबाटै खारेजयोग्य भएको हाम्रो ठहर छ । देशको संविधान र कानुनको व्याख्याताको रूपमा रहेको सम्मानित सर्वोच्च अदालतले देशमा पुनः द्वन्द्व सिर्जना हुने, महान् जनयुद्धका सहिद तथा वेपत्ता योद्धाहरू, पीडापूर्ण जीवन बाँचिरहेका घाइते तथा अपाङ्ग योद्धाहरू, सहिद तथा वेपत्ताजनका परिवारहरूमाथि अपमान र अन्याय हुने एवं शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन अवरोध सिर्जना हुने कुनै पनि कार्य गर्ने छैन भन्ने कुरामा हाम्रो दृढ विश्वास रहेको छ ।

विश्व हल्लाउने महान् जनयुद्ध नेपाली सामाजिक क्रान्तिको एक गौरवपूर्ण र ऐतिहासिक परिघटना हो । महान् जनयुद्धकै प्रतिफलस्वरूप नेपाल विश्वको कान्छो गणतन्त्रको रूपमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको व्यवस्थामा पुग्न सफल भएको हो । जनयुद्धपूर्व देशमा चरमखालको सामन्ती शोषण तथा क्रुर दमन, जातीय विभेद, छुवाछुत र उत्पीडन थियो । महिलाहरूमाथिको शोषण तथा उत्पीडन वर्णन गरिसाध्य थिएन । कमैया, हलिया, हरवा, चरवा र कमलरीहरूमाथि गरिने शोषण र उत्पीडनको व्यथा सुनिसाध्य थिएन । राजपरिवारका नाममा अकुत सम्पत्ति जोडिएको थियो भने किसानहरू र आम जनताको ठूलो हिस्सा भूमिहीन, सुकुम्बासी र गरिब थियो, तिनलाई दुई छाक टार्न मुस्किल थियो । जनताले तिरेको करबाट राजपरिवारको ठूलो संख्यालाई सामान्यभन्दा हजारौं गुणा बढी तलब भत्तासहित भरणपोषण गरिन्थ्यो । राजपरिवारका सदस्यहरूले दिनदहाडै मान्छे मार्दा पनि कुनै कानुन लाग्दैन्थ्यो । नमिता-सुनिता काण्डजस्ता बलत्कारका घटना सामान्य थिए । दलितहरूलाई मन्दिर तथा विद्यालयमा जान र एउटै धारो-पँधेरो प्रयोग गर्न पनि सामाजिक र सांस्कृतिकरूपमा निषेध गरिएको थियो । आदिवासी, जनजाति र मधेसी समुदायका नागरिकहरूलाई उच्च जाति र उच्च पदमा पुगेका मानिसहरूको हली, गोठाला र दासको जस्तो व्यवहार गरिन्थ्यो । उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्गका मानिसहरूले संसद र सरकारमा पुग्ने कुरा कल्पना समेत गर्न सकिँदैनथ्यो । राजाको सक्रिय शासनको कालमा देशलाई विश्वको दोस्रो सबैभन्दा गरिब मुलुक बनाइयो । राजतन्त्रकै कालखण्डमा यो देशका गण्डकी, कोशी र महाकालीजस्ता नदीहरू बेचियो । सोभियत संघ र जनवादी गणतन्त्र चीन लगायतका देशहरूले बनाइदिएका दर्जनौं सरकारी उद्योगधन्दा र कलकारखानाहरू बेचियो । लाखौं जनता बेरोजगार बनाइयो । नेपालमा साक्षर जनताको संख्या अत्यन्तै न्यून् थियो । राजातन्त्रकै कालमा कालापानीमा भारतीय सेना राखियो, देशका ७०भन्दा धेरै ठाउँमा सिमाना मिचियो । राजाले न त्यतिबेला कहिल्यै चुइँक्क बोले, न त यतिबेला पूर्व राजा ज्ञानेन्द्रले नै बोल्ने हिम्मत गरेका छन् । राजदरबारभित्र तत्कालीन राजा विरेन्द्र शाहको पूरै वंशनाश भयो । राजतन्त्रले राजाकै परिवार जोगाउन सकेन । जनतालाई दिसा गरेपछि र खाना खानुअघि हात धुनुपर्छ भन्ने अभियान सञ्चालन गर्न र देशलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्न पनि गणतन्त्र नै आउनुपऱ्यो । त्यस्तो सामन्ती शोषण र विभेदयुक्त, राष्ट्रघाती, जनविरोधी र भ्रष्ट व्यवस्थालाई अन्त्य गरेर देशमा नयाँ गणतन्त्रात्मक व्यवस्था ल्याउने कार्य महान् जनयुद्ध विना कल्पना गर्न समेत सकिँदैनथ्यो ।

महान् जनयुद्धमा नेपाली जनताका हजारौं छोराछोरीले आफ्नो जीवन बलिदान गरे । जनताका हजारौं छोराछोरीरू अझै वेपत्ता छन् । यस्तो बलिदानीपूर्ण संघर्षबाट यो गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी र समानुपातिक व्यवस्था आएको हो । त्यसैले प्रतिगमन गर्ने, त्यो महान जनयुद्धलाई अपराधीकरण तथा विद्रुपीकरण गर्ने, जनयुद्ध तथा त्यसको नेतृत्व र त्यसका योद्धाहरू, सहिद तथा सहिद परिवारहरूलाई अपमान गर्ने कुरा जो कोहीबाट भए पनि सहन सकिँदैन । तिनको विरुद्ध डटेर सामना गरिनेछ । विभिन्न पक्षबाट गर्न खोजिएका प्रतिगामी र जनविरोधी हर्कतहरूको विरुद्ध एकतावद्ध भई दृढतापूर्वक प्रतिरोध गर्न समेत हामी सबै देशभक्त, जनवादी तथा क्रान्तिकारी शक्तिहरूलाई हार्दिक अपिल गर्दछौं ।

हार्दिक क्रान्तिकारी अभिवादनसहित ।

चित्रबहादुर श्रेष्ठ मिति: २०७९/११/२४

अध्यक्ष

# गरिवी हटाउन सहकारीले भूमिका खेलेको छ, सभामुख : घिमिरे



काठमाडौं फागनु २१ 'प्रविधियुक्त सेवा र सुशासनः दिगो साकोस र छवि निर्माणका लागि जिम्मेवार व्यवस्थापन' भन्ने सोचसहित सहकारीका व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी आगामी बुधबारदेखि हुने भएको छ। गोष्ठीको पूर्व सन्ध्यामा नेफस्कुनका अध्यक्ष काजी श्रेष्ठ, व्यवस्थापन प्रमुख दीपक पनेरु, सहायक कार्यकारी अधिकृत सञ्जयराज तिमिल्सिनाले :

कार्यक्रम निरन्तरता भन्दा अरु देखिएन। सञ्चार माध्यमहरुमा सहकारीको लगानी गर्ने अवस्था बिग्री सकेको पछि मिडियाको किन आयोजना गर्नु भयो ? सञ्चालनकहरु भन्दा बढी व्यवस्थापक महत्वपूर्ण भुमिका हुन्छ। सहकारीमा समस्या आउँदा जिम्मेवारी निभाउने नसकेको हो की ? सहकारीमा वचत तथा ऋण सहकारीले गलत ठाउँमा लगानी भएको कारण यो अवस्था आएको हो ? कृषि सहकारीहरुमा त्यति ठूला समस्याहरु देखिएको छैन ? अभाव देखिएकोमा सहजता बनाउने कस्तो भूमिका खेलेको छ ? राष्ट्र बैकले नियमित गर्न अगाडी बढ्छौ भनेपछि त्यस प्रक्रियालाई कसरी हेरेको छ ? तालिमको मुख्यमुख्य विषय के हुन भन्ने प्रश्नको उत्तरमा ज्वरो के कारणले आएको हो भन्ने तिर जोड दिएका छौं, सञ्चार माध्यम र मासले नेगेटिभ गलतकुराको खातेल्ने जिम्मा मिडियाको हो। यस तालिम कार्यक्रममा सहकारी विभागको प्रमुखले कमेन्ट गर्ने छ। प्राविधिक पक्ष महत्वपूर्ण क्षेत्रमा हुनेछ। कमेनन्टेटरमा शिरिश कुमार ढुंगाना पूर्व सचिव साकोस, सिइओबाट चित्रकुमारी ठाङसाङ, एच आर भूमिका अनुप बासकोटा, लुम्बिनी प्रदेशबाट नेपालको सहकारी ऐन सम्बन्धी ऋषिराज घिमिरे लगायत सहभागी भई फिडव्याकहरु दिनेछन्। राष्ट्र बैकको अनुमान अनुसा सहकारीले २४ अर्ब कारोवार भएको छ। तालिममा २७ करोडबाट ५० करोडको सिलिङ्ग तोक्न आग्रह गरिने छ। बैकिङ्ग मोडलमा अगाडि बढाउन सहयोग पुग्ने छ। समस्या आउँदा तत्काल करेक्सन गनुपर्छ। यस खालको ठूलो र टेक्निीकलहरु सहकारीलाई अनुगमनमा राख्नु पर्छ। निरन्तरता पनि दिइरहेको छ। सबै जिल्लामा कार्यालयका भएको कारण कुनै वायस छैन।

सञ्चालकहरुले पनि ऋण लिएको भाका नाघेको बढी हो की, अरुबाट भन्दा सञ्चालकहरुबाट अलि समस्या आएको हो कि भन्ने छ।

सहकारीहरुले जग्गा जमीनमा लगानी गरेका र जग्गा जमीन राष्ट्र बैकले रोकेपछि समस्या समाधान गर्न जटिल भएको हो की भन्ने लागेको छ।

नियमितताको कुरामा आधारभूत नमूना विनियम पनि २ हजार भन्दा बढी संस्थामा लागु गरेका छन्। साकोसमा आएको सामस्या २४५ वटा समस्या प्रोभिजनमा रहेका र सुचक ८ सयवटा आफूलाई सहभागी गराएर अगाडी बढेको छ। उच्च प्रविधि मार्फत मेम्वर इन्फरमेशन सेन्टर रियल टाइम सुपरभिजन, एकीकरण प्रवर्द्धन सहित। २०९ बाट ६३ मा एकीकरण गरिएको छ। सुरक्षा २४० वटा स्तरीकरण प्रभावकारी कार्यन्वयन भएको छ। सदस्य संस्थाहरुले व्यवस्थापन, कारोवार, सु( शासनको प्रवर्द्धनको नीति निर्देशिका लगायत पूरा गरेको अवस्था छ। अप्ठेरो अवस्थामा ( नेफस्कुन)ले हात बाँधेर बसेको छैन।

तालिमले यो अवस्थालाई चिर्न सक्ने क्याप्सुलको रुपमा काम गर्ने छ।

सहकारी संघले आयोजना गरिएको राष्ट्रिय गोष्ठीमा 'प्रविधियुक्त सेवा र सुशासनः दिगो साकोस र छवि निर्माणका लागि जिम्मेवार व्यवस्थापन' भन्ने सोचसहित सहकारीका व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी आगामी बुधबारदेखि हुने भएको छ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) को आयोजना र नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यवस्थापनमा फागुन २४ र २५ काठमाडौंको द सोल्टी होटलमा हुँदैछ। गोष्ठीमा ४ सय ५० जनाको सहभागीता रहने र आईतबार बेलुकासम्म ३९८ जना व्यवस्थापकहरुले रजिष्ट्रेशन भैसकेको आइतबार राजधानीमा पत्रकार सम्मेलनमा जानकारी गराइयो।

नेपालका वित्तीय सहकारीका व्यवस्थापकीय प्रमुखहरुलाई समेटी गोष्ठीको आयोजना गरी प्राप्त उपलब्धीका सन्देशहरुको प्रवाह गर्दै जानु नेफ्स्कूनको दायित्व भएकोले प्रथम र दोस्रो गोष्ठीको सिकाई र व्यवस्थापन प्रमुखहरुको माग एवम् आवश्यकताको आधारमा गोष्ठी आयोजना गर्न लागिएको गोष्ठी व्यवस्थापन कार्यदलका संयोजक तथा नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरुले बताए। उपलब्ध स्रोत र साधनलाई दृष्टिगत गरी वित्तीय सहकारी क्षेत्रका व्यवस्थापकीय तहमा कार्यरत कर्मचारी, नियमनकारी निकाय, सम्बन्धित सरोकारवाला एवम् विकास क्षेत्रका सहयात्रीहरु समेतको प्रतिनिधित्व रहने गरी करिब ४५० जना भन्दा बढी सहभागिता रहने व्यवस्था मिलाइएको पनेरुले बताए। वित्तीय सहकारीको दर्शन र मूल्यमा आधारित व्यवसायिक जनशक्ति विकास गर्नु गोष्ठीको उद्देश्य रहेको समेत संयोजक पनेरुले बताए। विश्वव्यापी नविनतम अभ्यास, अनुभव र सिकाईहरु मार्फत ज्ञान, सीप र प्रविधिको अवलम्बन एवम् हस्तान्तरण गर्नु तथा राष्ट्रियस्तरमा भएका नविनतम् र सफल

अभ्यासहरु आदानप्रदान गर्नु समेत गोष्ठीको उद्देश्य रहेको उनको भनाई थियो । यस्तै गोष्ठीले वित्तीय सहकारीका लागि विकास गरेका नविनतम् औजार र समाधानहरुको आन्तरिकीकरणको लागि दिशानिर्देश गर्नुका साथै कार्यरत जनशक्तिको उत्प्रेरणामार्फत तनाव रहित वातावरणमा कार्यसम्पादनका लागि प्रेरित गर्ने नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले बताए । वित्तीय सहकारीको विकासका सम्भावना पहिचान गरी कार्यान्वयन गर्न अभिप्रेरित गर्ने तथा वित्तीय सहकारीलाई उत्पादनमा आधारित लगानीमा प्रोत्साहित गर्ने गोष्ठीको उद्देश्य रहेको बताए ।

गोष्ठीमा राष्ट्रियदेखि विश्व सञ्जालहरु विश्व ऋण परिषद् (अमेरिका), एसियाली ऋण महासंघ (थाइल्याण्ड), नेपाल राष्ट्र बैंक र नेपालको आर्थिक विकासमा सहकारी क्षेत्रलाई सफल माध्यम बनाउन अतुलनीय योगदान गर्नुहुने विद्वतहरुबाट विभिन्न सात विषयमा कार्यपत्रहरु प्रस्तुत हुने नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत पोखरेलले बताए ।

गोष्ठीमा सात वटा विषयका सामुहिक सत्र सञ्चालन गरिने बताइएको छ । पहिलो दिन वर्तमान परिदृश्यमा दिगो साकोस अभियानको लागि जिम्मेवार व्यवस्थापन र संघको भूमिका, वित्तीय सहकारीको छवी निर्माण: समावेशी संरचना र प्रविधि हस्तान्तरण, विश्व अर्थतन्त्र: वित्तीय सहकारीमा प्रभाव, सम्भावना र चुनौती गरी तीन विषयहरुमा प्रस्तुति रहने छन् । त्यस्तै दोस्रो दिन मानव संशाधन व्यवस्थापनका सामयिक/समवर्ती सवालहरु र नेपालमा सफल साकोसका अनुभवहरु, वित्तीय प्रविधिमा साकोसका सम्भावना र चुनौतीहरु, वित्तीय सहकारी ऐनको अन्तर्राष्ट्रिय अभ्यास र नेपालको आवश्यकता, ईमोशनल एण्ड स्पिरिचुअल ईन्टेलिजेन्स ईन म्यानेजर्स सम्बन्धी चार विषयवस्तुमा सामुहिक सत्र सञ्चालन हुने नेफ्स्कूनले जनाएको छ ।

२०७३ सालबाट साकोसका व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी सञ्चालन शुरुवात गरेको नेफ्स्कूनले प्रत्येक तीन वर्षको अन्तरालमा नियमित सञ्चालन गर्दै आइरहेको छ ।

विश्वव्यापी आर्थिक मन्दीको अवस्था, नेपालको समग्र वित्तीय अवस्था र विशेषत: नेपालको सहकारी अभियान तरलताको दबाबमा रहेको अवस्थामा राष्ट्रिय गोष्ठी आयोजना गर्दा विभिन्न क्षेत्रबाट सकारात्मक र नकारात्मक प्रतिक्रिया आइरहेको तर्फ पनि सचेत एवम् सजग रहेको आयोजकले जनाएको छ । गोष्ठीको आवश्यक तयारी समेत पुरा भएको जानकारी पत्रकार सम्मेलनको आयोजना गरि प्रेसित विज्ञाप्तिमा जनाएको छ ।

**सहकारीहरु वित्तीय अनुशासनमा केन्द्रित हुने गोष्ठीको प्रतिवद्धता :**

काठमाडौं फागुन २४ सहकारीका व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी शुरु भएको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) को आयोजनामा भएको गोष्ठीमा वक्ताहरुले सहकारीको वित्तीय सुशासनमा केन्द्रित हुन प्रमुख कार्यकारी अधिकृत (सीईओ) हरुलाई सुझाव दिए । सञ्चालकहरुले बदमासी गरे त्यसको प्रतिवाद व्यवस्थापकहरुले गर्नुपर्ने समेत वक्ताहरुले सुझाव दिएका छन् ।

कार्यक्रममा बोल्ने अधिकांश सहकारीकर्मीहरुले सरकारले बचतको सीमा २५ लाख तोक्न लागेको प्रति चिन्ता व्यक्त गरे ।

कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले सहकारीको सुशासनका लागि स्पष्ट ऐन कानुको आवश्यक पर्ने र त्यसका लागि सरकार तयार हुनुपर्ने बताए ।

'देशमा आर्थिक समस्यामा आइरहेको छ, सहकारी र लघुवित्तमा चरम समस्या छ । के कारणले यस्तो समस्या आइरहेको हो ? किन वित्तीय सुशासन छैन ? सरकारको ध्यान जानु जरुरी छ' सभामुख घिमिरेले भने, 'सरकारले आवश्यक कानुनका लागि तयारी गरोस् यसमा सहयोग गर्न म तयार छु ।'

सोही अवसरमा सभामुख घिमिरेले सहकारी गाउँगाउँमा गरिब किसानहरुको साना साना पुँजी संकलन गरेर वित्तीय उपार्जनमा लगाउने सामाजिक संस्था भएकाले यस्तो संस्थालाई बचाउनु सबैको दायित्व भएको बताए । 'उत्पादन, रोजगारीबाट गरिबी हटाइ समाजवाद उन्मुख समाजवाद स्थापना सहकारीबाट हुने भएकाले यसतर्फ सरकारको यथोचित ध्यान पुगोस् भन्ने मलाई लाग्छ' उनले भने, 'तर पछिल्लो समय सहकारीको माध्यमबाट ठगी गर्ने प्रवृति बढ्दै गएका भन्ने गुनासाहरु सुनिराखेका छौं । यस्तो कार्याललाई नियन्त्रण गर्न आवश्यक छ । सरकारले यसको अनुगमन गर्नुपर्यो र देखा परेका समस्या समयमै समाधान गर्नुर्यो' उनले भने ।

सोही अवसरमा सभामुख घिमिरेले ७ खर्ब भन्दा बढी रकम परिचालन गर्ने सहकारीलाई व्यवस्थि तगर्न छुट्टै ऐन आवश्यक भएको समेत बताए । सम्पत्ति शुद्धीकरणको हिसाबले सहकारीमा अवैध धन हुन्छ भन्दै बचतमा २५ लाखको सीमाको कुरा आएको बताउँदै घिमिरेले सो क्षेत्रमा यस्तो हुँदैन भनेर ग्यारेन्टी गर्न सके त्यो सीमा हट्न सक्ने समेत बताए । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष एवम् पूर्वमन्त्री केशवप्रसाद बडालले सहकारीमा प्रविधि अत्यावश्यक भएको बताए । कुनै पनि समुदाय पछि पर्न नहुने र त्यसका लागि सहकारीले सहयोग गर्नुपर्ने उनले बताए ।

'सहकारीमा गैरकानुनी मुद्रा प्रयोग होस् भन्ने हामी पनि चाहदैंनौं, सहकारीमा कालोधन छ भन्ने भ्रम फिजाइएको छ' उनले भने, 'सहकारीको मूल्य, मान्यतामा नचलेका सहकारीमा समस्या आएको हो । सहकारीमा २५ लाखको सीमा कुनै पनि कारणले उचित छैन यसको कार्यान्वयन हामीलाई मान्य छैन । यो प्रावधान तत्काल हटाइयोस्' उनले भने । जहासम्म सहकारीमा समस्याको विषय छ, संघ संस्थाहरु ऐन नियम, विनियम अनुसार चले समस्या नआउने बताउँदै उनले त्यसका लागि संघ संस्थाका व्यवस्थापकहरु चनाखो हुनुपर्ने बताए ।

यस्तै भनाई राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडीको पनि रहेको छ । स्वनियमनमा चलेको सहकारीमा समस्या नरहेको बताउँदै सहअध्यक्ष दवाडीले सहकारी नचलाई बैंकसँग प्रतिष्पर्धा गर्नेहरु समस्यामा फसेको बताए । नीति, नियम कार्यान्वयन गर्ने व्यवस्थापक नै भएकाले बढी जिम्मेबार हुनुपर्ने उनको दवाडीको भनाइ छ ।

'उद्यमी बन्न ऋण प्राथमिकता दिनुपर्छ, घरघडेरीमा ऋण दिन कडाइ गर्नुपर्छ । चलायमान हुने ठाउँमा मात्र ऋण दिए आर्थिक रुपान्तरण हुने हो । तर, अधिकांश संघ संस्थाले घडेरीमा ऋण लगानी गरेका छन्, कतिपय सहकारी आफैले घडेरी किनलेकाले समस्या आएको हो' उनले भने ।

बचतमा क्यापिङको सन्दर्भमा असन्तुष्टि व्यक्त गर्दै अध्यक्ष दवाडीले भने, 'समस्या बचतमा होइन व्यवस्थापनमा हो । यसो हो भने बचतमा मात्र किन ऋणमा पनि क्यापिङ गरौं ।' सहकारीमा २५ लाखको सीमा हटाउन माग गरे ।

तर, सहकारीमा सम्पत्ति शुद्धीकरणको समस्या छैन हुँदैन भन्ने ग्यारेन्टी भए बचतको सीमामा पुनरविचार हुन सक्ने भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव

डा.दामोदर रेग्मीले बताए ।

‘सहकारीमा केही चुनौती थपिएका छन् । सहकारी तीन तहमा गए पनि तल संरचना बन्न नसक्दा समस्या आएको हो’ सचिव रेग्मीले भने, ‘कोभिडका कारण समग्र वित्तीय क्षेत्र नै आक्रान्त बन्दा समेत सहकारीमा असर परेको छ । सहकारीकर्मीहरु सचेत भए वित्तीय सुशासन कायम गर्ने हो भने समस्या आउँदैन’ उनले भने ।

सोही अवसरमा सचिव रेग्मीले सहकारी ऐनलाई पनि जतिसक्दो चाढो ल्याउनुपर्ने बताए ।

सोही कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सहकारीमा समस्या नरहेको बताए । सहकारीको नाममा गलत काम गरेकाले समस्या आएको उनको भनाइ छ । ‘सहकारीका सञ्चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ, ती सहकारी होइन, बदनाम गरिरहेका छन्’ उनले भने ।

देशैभरी सेवाकेन्द्र खोलेर बजार प्रतिनिधि चिनेको भरमा करोडौं बचत राख्ने गरिएको र लगानी आफ्नो स्वार्थ अनुकुल खोलिएका कम्पनीमा लगानी गर्दा समस्या आएको उनले बताए । विश्वमै आएको समस्या नेपाली वित्तीय क्षेत्रमा पर्नु स्वभाविक भए पनि सहकारीमा त्यसको असर नपरेको उनले बताए ।

सहकारी बिग्रिने, बिगार्ने ५० प्रतिशत भन्दा बढी जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुने उनले बताए । सिइओ भ्रष्ट भए, सहकारी बदनामी हुन्छ । सञ्चालकमा राजनीति हुन्छ । कर्मचारीमा विज्ञता हुन्छ, निर्णयमा सहयोग गर्ने र कार्यान्वयन गर्ने हो’ उनले भने ।

नेपाल बचत तथा ऋण सहकारी केन्द्रिय संघ (नेफ्स्कून) का अध्यक्ष परितोष पौडेले सहकारीका चालक (व्यवस्थापक) हरु सक्षम भए संस्थाहरु दुर्घटनामा नपर्ने बताए । नेपालका सहकारीलाई स्थरिकरण र स्तरिकरण गर्नुपर्ने बताए ।

११ बुँदे साझा संकल्प जारी गर्दै सकियो सिईओ वर्कशप

सुरक्षित सहकारी निमार्णका लागि व्यवस्थापकीय नेतृत्व प्रतिवद्ध

काठमाडौं फागुन २५ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून)ले आयोजना गरेको व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी (सिईओ वर्कशप) ११ बुँदे साझा संकल्प जारी गर्दै बिहीबार सम्पन्न भएको छ ।

दुई दिनसम्म सञ्चालन भएको गोष्ठीले जिम्मेवार व्यवस्थापन निर्माणमार्फत सुरक्षित बचत तथा ऋण अभियान निर्माणका लागि प्रतिवद्धता व्यक्त गरेको छ । गोष्ठीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय विज्ञ तथा स्रोत व्यक्तीहरुको प्रस्तुतीकरण थियो ।

कार्यक्रममा देशभरका करिब ४ सय ५० बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापन प्रमुख (सिईओ)हरुको उपस्थिती रहेको थियो । गोष्ठीमा सहभागी सिईओहरुले सहकारी संस्थाले प्रविधियुक्त सेवा प्रवाह गर्ने, सुशासन कायम गर्ने र संस्थाको छवि निर्माणमा व्यवस्थापन जिम्मेवार बन्ने संकल्प प्रस्ताप पारित गरेको छ ।

गोष्ठीले अलग्गै बचत तथा ऋण सहकारी ऐन निर्माणका लागि ऐक्यबद्धता र आवस्यक पैरबी गर्ने संकल्प समेत पारित गरेको छ । एकिकृत स्वनीयमन मार्गनिर्देशन पालन गर्ने, संस्थागत विकास र सुदृढिकरणको लागि स्तरीकरण कार्यक्रममा आवद्ध हुने र सुरक्षित संस्था निर्माण गर्न पर्ल्स प्रणालीको पुर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता सिईओहरुले गरेका छन् ।

त्यस्तै बाध्यकारी नियामकीय प्रबन्धहरु पुर्णरुपमा कार्यान्वयन गर्ने समेत प्रतिवद्धता जनाएका छन् । जोखिमहरुको व्यवस्थापन गर्न संस्थागत पूँजी कम्तीमा पाँच प्रतिशत कायम गरी स्थिरीकरण कोषमा आबद्ध हुने समेत उनीहरुले प्रतिवद्धता जनाएका छन् । नेफ्स्कूनका कोषाध्यक्ष एवं कार्यक्रम संयोजक दीपक पनेरुले साझा संकल्प वाचन गरेका थिए । साझा संकल्प वाचन गर्दै पनेरुले सहकारी अभियानको वर्तमान समस्या सम्बोधनमा दिशानिर्देशन गर्ने बताए ।

# व्यवसायीले बिच बिउको चिन्ता, गरे सरकारको गुनासो

काठमाडौं फागुन १४ बीउ विजन व्यवसायीले वार्षिक अर्बौंको बीउ विजन विदेशबाट आयात भएपनि त्यसलाई कम गर्न स्वदेशी उद्यमीलाई प्रोत्साहन नगरेको गुनासो गरेका छन् । नेपाल बीउ व्यवसायी संघको राजधानीमा सम्पन्न २४ औं वार्षिक साधारण सभामा बोल्ने क्रममा मौलिक बीउको जगेर्ना गर्नुको साटो विदेशी



बीउमा बढी जोड दिइएकाले बीउको परनिर्भरताले मौलिक कृषि उपज समेत हराउने खतरा रहेको बताएका छन् ।

कार्यक्रममा नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव गोविन्दप्रसाद शर्माले २०५२ सालसम्म विदेशमा बीउ निर्यात हुने अवस्था भएपनि अहिले कृषि उपजसम्म बाहिरबाट आयात् हुने अवस्था आएको भन्दै आत्मनिर्भरतामा देश पछि परेको बताए । व्यवसायीसँग हामी हातेमालो गर्न तयार छौं, शर्माले भने । तर कृषिमा आत्मनिर्भरताका लागि व्यवसायिक पहल हुनुपर्छ ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष अञ्जन श्रेष्ठले किसानलाई प्रोत्साहन गर्ने सरकारी नीति नभएको भन्दै खेतीपातीका बेला सँधै मलखादको अभाव हुनु विडम्बनापूर्ण भएको बताए । नियमन मात्र गर्ने तर प्रोत्साहन नगर्दा निजी क्षेत्र उत्साही बन्न नसकेको गुनासो गरे । ‘‘सरकारले निजी क्षेत्रलाई पनि प्रोत्साहन भन्दा नियमन बढी गर्छ,’’ ‘‘नियमनसँगै प्रोत्साहन पनि जरुरी छ, त्यसो भए मात्र उद्यमशीलता बढ्छ ।’’

कार्यक्रममा कृषि विकास महाशाखाका सह( सचिव राजेन्द्रप्रसाद मिश्रले कार्यपत्र प्रस्तुत गर्दै नयाँ बजेटमा व्यवसायीका गुनासा सम्वोधन गर्ने प्रयास गरिने बताए । नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक दीपक भण्डारीले खाद्य सुरक्षाका लागि निजी क्षेत्रलाई अधिकार दिन तयार रहेको बताए । संघका अध्यक्ष बसन्तचन्द्र मरहाले देशमा कृषिको विकासका लागि बीउ विजनको सहज उपलब्धता अनिवार्य शर्त भएकाले स्वदेशी उद्योगी तथा व्यवसायीलाई सहज वातावरण तयार गरिदिन आग्रह गरे ।

संघका उपाध्यक्ष वैकुण्ठनाथ मिश्रले स्वदेशमा बीउ विजनका लागि अनुसन्धानमा ठूलो लगानी गर्न निजी क्षेत्र सक्षम नभएको भन्दै सरकारसँग सहायता माग गरे । कृषिमा आत्मनिर्भरता बढाउन देश बीउमा पनि आत्मनिर्भर हुनुपर्ने भन्दै स्वदेशी बीउको गुणस्तर वृद्धिका लागि राज्यबाट साथ आवश्यक रहेको बताए ।

# अर्थतन्त्रमा सहकारीको भूमिका कमजोर देखियो : कार्यकारी निर्देशक श्रेष्ठ



नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले आत्मनिर्भर अर्थतन्त्रमा सहकारीको भूमिका कमजोर देखिएको बताएका छन् । बुधबार राजधानीमा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ ( नेफ्स्कून)ले आयोजना गरेको सिईओ वर्कशपमा बोल्दै श्रेष्ठले भने, 'मुलुकको अर्थतन्त्रको तेस्रो खम्बाको रुपमा सहकारीलाई स्वीकार गरिएपनि त्यो व्यवहारमा देखिएन ।' अर्थतन्त्रमा सहकारीको ठ्याक्कै योगदान कति हो ? कहाँ कति सहयोग पुगेको छ ? भन्दै प्रतिप्रश्न गरे ।

उत्पादनमा आत्मनिर्भर हुन सहकारीले सघाउनुपर्ने हो तर परिणाममा नदेखिएको बताए । सहकारी संघ संस्थाहरुले समेत बैंकले जस्तै घरजग्गामा, धितोपत्र बजारमा लगानी गर्दा समस्या आएको उनको भनाई थियो । 'सहकारीको लगानीको प्राथमकिता प्राप्त क्षेत्र कुन हो ? सहकारीको मूल्य मान्यता बचतकर्तालाई झन् गरिब बनाउने भन्ने त होइन होला । कहाँ लगानी गर्दा सुरक्षित र अझ बढी उत्पादन मुखि हुन्छ संस्थाले त्यततिर सोच्ने हो', उनले भने । पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरुको मात्र होइन सहकारीको पैसा समेत सेयर बजारमा गएको हुनसक्ने आशंका कार्यकारी निर्देशक श्रेष्ठले व्यक्त गरे ।

सोही अवसरमा श्रेष्ठले कोभिडपछिको विश्व परिदृश्य रुस र युक्रेनबीचको युद्धले निम्त्याएको आर्थिक संकटले समेत नेपाली अर्थतन्त्र समस्यामा परेको बताए ।

पोस्ट कोभिडले इकोनोमी रिकभरी भए पनि रसियायुक्रेनको युद्धले असर गरेको उनको भनाइ छ । विश्व आयात निर्यातको चेनमा प्रभाव परी नेपालको आयात घट्दा राजस्व पनि गुमेको उनले बताए । तर रेमिट्यान्स, विदेशी लगानी आउन सके अर्थतन्त्र चलायमान हुने उनले बताए ।

सोही अवसरमा श्रेष्ठले पछिल्लो समय मुलुकको वित्तीय स्थितिपमा निक्षेपको वृद्धिदर बढेको तर कर्जाको वृद्धिदर घटेको बताए । यसले सहकारी क्षेत्र समेत प्रभावित हुन पुगेको उनको भनाइ छ ।

सहकारीमार्फत कृषिजन्य उत्पादन हुन नसकेको तर ऋण लिएर घरजग्गा र सेयर मार्केटमा लगानी गर्ने परिपाटी बढेको उनले बताए ।

सहकारीमा स्वःनियमन नभएकाले समस्या आएकाले केहीँ ऐन ल्याएर सहकारीको अनुगमन नियमन गर्नुपर्नेमा उनले जोड दिए । सोही कार्यक्रममा पूर्व अर्थसचिव शिशिरकुमार ढुंगानाले पछिल्लो समय बैंक तथा वित्तीय क्षेत्रमा कर्जा लगानी जोखिम बढेर गएको बताउँदै सहकारीले कर्जा सुरक्षण प्रणालीको विकास गर्नुपर्ने बताए ।

'विश्वव्यापी मंहगीले देशको अर्थतन्त्रमा नकारात्मक असर परेको छ । सन् २०२३ मात्र होइन, २०२४ पनि निकै कठिन हुनेदेखिदैछ' ढुंगानाले भने, 'जुन देशको आफ्नै उत्पादन हुँदैन, ती देशलाई अझ बढी समस्या पर्ने जोखिमा देखिदैछ । हाम्रो अर्थतन्त्र माइनसमा जाने खतरा छ' उनले भने ।

प्रत्यक्ष वैदेशिक लगानी र पैदेशिक सहायता (ऋण र अनुदान) पनि घट्दै गएकाले जोखिम अझै बढ्न सक्ने उनले संकेत गरे । सोही अवसरमा पूर्वसचिव ढुंगानाले साना तथा मझौला घरेलु उद्योगलाई ठूलो चुनौती रहेको बताए ।

सामाजिक सुरक्षाको खर्च बढ्दै जाँदा राज्यको दायित्व अझ बढेको तर यता ३७ प्रतिशत राजस्वमा कमी आएकाले राज्यलाई थप आर्थिक चाप परेको उनले बताए ।

मनिटरिङ पोलिसी र फिक्सल पोलिसीमा समेत एकरुपता नहुँदा समस्या आएको बताउँदै ढुंगानाले सरकारी खर्च र लगानीको स्रोत समेत खुम्चदै गएको बताए । जसले ८ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य क्षीण बन्दै गएको बताए ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ(नेफ्स्कून)का प्रमुख कार्यकारी अधिकृत प्रकाशप्रसाद पोखरेलले संघ र राज्यको संयुक्त प्रयासबाट सहकारीमा सुशासन ल्याउने बताए । सहकारी संघ संस्थाहरुको नेतृत्वकर्ता व्यवस्थापकले सहि तरिकाले वित्तीय कारोबार गरे कुनैपनि संस्थामा समस्या नआउने उनले बताए ।

कार्यपत्रमाथि टिप्पणी गर्दै रजिष्ट्रार नमराज घिमिरेले सहकारी संघ संस्थाहरु सदस्यमै केन्द्रीत भएमा समस्या समाधान हुने बताए । 'सहकारीमा म केन्द्रित हुन थालेकाले समस्या आएको हो । अब सहकारीमा होइन सदस्यमा केन्द्रित हौं' उनले भने, 'सदस्य भइसकेपछि फाइदा र रिक्स दुबै वेहोर्नसक्नुपर्छ ।'

सोही अवसरमा रजिष्ट्रार घिमिरेले अस्वस्थ प्रतिष्पर्धाका कारण सहकारीहरुमा समस्या आइरहेको बताए । सहकारीले बैंकसँग नभएर आफुआफुमा नै प्रतिस्पर्धा गरेकाले समस्या आएको समेत उनले बताए ।

रजिष्ट्रारलाई सञ्चालक राखेर कर्जा सूचना केन्द्र सञ्चालन हुन नसक्ने बताउँदै उनले

कर्जा असुली न्यायाधिकरण अत्यावश्यक भएकाले तत्काल गठन गर्नुपर्ने बताए ।
'ऐन आफैमा ठूलो कुरा होइन, सरकारले ऐनलाई नियन्त्रण र अभियानले प्रवर्द्धनको रुपमा बुझ्नुपर्छ' उनले भने ।
११ बुँदे साझा संकल्प जारी गर्दै सकियो सिईओ वर्कशप
सुरक्षित सहकारी निमार्णका लागि व्यवस्थापकीय नेतृत्व प्रतिवद्ध
काठमाडौं फागुन २५ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून)ले आयोजना गरेको व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी (सिईओ वर्कशप) ११ बुँदे साझा संकल्प जारी गर्दै बिहीबार सम्पन्न भएको छ ।
दुई दिनसम्म सञ्चालन भएको गोष्ठीले जिम्मेवार व्यवस्थापन निर्माणमार्फत सुरक्षित बचत तथा ऋण अभियान निर्माणका लागि प्रतिबद्धता व्यक्त गरेको छ । गोष्ठीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय विज्ञ तथा स्रोत व्यक्तीहरुको प्रस्तुतीकरण थियो ।
कार्यक्रममा देशभरका करिब ४ सय ५० बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापन प्रमुख (सिईओ)हरुको उपस्थिती रहेको थियो । गोष्ठीमा सहभागी सिईओहरुले सहकारी संस्थाले प्रविधियुक्त सेवा प्रवाह गर्ने, सुशासन कायम गर्ने र संस्थाको छवि निर्माणमा व्यवस्थापन जिम्मेवार बन्ने संकल्प प्रस्ताप पारित गरेको छ ।
गोष्ठीले अलग्गै बचत तथा ऋण सहकारी ऐन निर्माणका लागि ऐक्यवद्धता र आवस्यक पैरबी गर्ने संकल्प समेत पारित गरेको छ । एकिकृत स्वनीयमन मार्गनिर्देशन पालन गर्ने, संस्थागत विकास र सुदृढिकरणको लागि स्तरीकरण कार्यक्रममा आवद्ध हुने र सुरक्षित संस्था निर्माण गर्न पर्ल्स प्रणालीको पुर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता सिईओहरुले गरेका छन् ।
त्यस्तै बाध्यकारी नियामकीय प्रबन्धहरु पुर्णरुपमा कार्यान्वयन गर्ने समेत प्रतिवद्धता जनाएका छन् । जोखिमहरुको व्यवस्थापन गर्न संस्थागत पूँजी कम्तीमा पाँच प्रतिशत कायम गरी स्थिरीकरण कोषमा आबद्ध हुने समेत उनीहरुले प्रतिवद्धता जनाएका छन् । नेफ्स्कूनका कोषाध्यक्ष एवं कार्यक्रम संयोजक दीपक पनेरुले साझा संकल्प वाचन गरेका थिए । साझा संकल्प वाचन गर्दै पनेरुले सहकारी अभियानको वर्तमान समस्या सम्बोधनमा दिशानिर्देशन गर्ने बताए ।

# कृषि पत्रकार महासंघ डोटी शाखा विस्तार



फागुन १६ डोटीमा आयोजना गरेको पत्रकारहरुको भेलाले अध्यक्षमा गणेश मौनीलाई सहित ११ सदस्यीय कार्यसमिति चयन गरेका हुन् । अन्य उपाध्यक्षमा सरिता कठायत र धन बहादुर बोहरा, सचिवमा कृष्ण बहादुर चन्द, कोषाध्यक्षमा राज पार्की, सह( सचिवमा इन्द्र शाही र भरत बम चयन भएका छन् । त्यस्तै सदस्यहरुमा दिपेन्द्र खड्का, मिना जोरा र दिनेश जोशी चयन भएका छन् ।
समितिले पहिलो बैठक बसी कृषि क्षेत्रलाई प्रचार प्रसारको माध्ययमबाट प्रवर्द्धन र विकास गर्न सहयोग गर्नुका साथै सबै निकायहरुसँग समन्वय तथा सहकार्य गरि अगाडि बढ्ने निर्णय गरेको अध्यक्ष मौनीले बताए । नेपाल पत्रकार महासंघ डोटी शाखाका पूर्व सचिव समेत रहेका पत्रकार मौनी सामुदायिक रेडियो बडीकेदारका प्रबन्ध निर्देशक रहेका छन् ।

# कृषि पत्रकार महासंघ बाजुरा शाखा गठन



कृषि पत्रकार महासंघको भेला तथा शाखा विस्तार
काठमाडौं फागुन १४ बाजुरा जिल्लामा क्रियाशील पत्रकारहरुको भेलाले कृषि पत्रकार महासंघ नेपालको वाजुरा शाखा विस्तार गरेको छ ।
कृषि पत्रकार महासंघ नेपालको जिल्ला भेला तथा शाखा विस्तार कार्यक्रमको आयोजना गर्दै बाजुरा जिल्लामा क्रियाशील ७ वटा रेडियो १० भन्दाबढी अनलाइन, ५ भन्दा बढी प्रिन्ट मिडियाहरू रहेका छन् । १० भन्दा बढी पत्रकारहरुले बाजुराबाट केन्द्रीय स्तरको मिडियामा काम गर्दै आएका छन् । भेलाको आयोजना कृषि पत्रकार महासंघ सुदुरपश्चिम प्रदेश धनगढीले गरेका छन् । कार्यक्रम बडीमालिका नगरपालिका सभाहलमा भएका थिए । महासंघका प्रदेश अध्यक्ष हिमेशको अध्यक्षता, बडिमालिका मेयर अम्मर खड्काको प्रमुख आतिथ्य तथा उप(प्रमुख नन्दा थापाको विशिष्ट आतिथ्यमा जिल्ला भेला भएको थियो ।
कार्यक्रममा पत्रकार महासंघका जिल्ला शाखा अध्यक्ष छक्क मल्ल, प्रेस चौतारीका प्रदेश अध्यक्ष कृष्ण ओली, प्रेस युनियनका प्रदेश सचिव राजेन्द्र रोकाया, भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख पशुपति नाथ, कृषि ज्ञान केन्द्र प्रमुख हरि प्रसाद पनेरु लगायत जिल्लामा क्रियाशील ३० जना भन्दा बढी पत्रकार तथा सरोकारवालाहरुको सहभागिता रहेको थिए । भेलाबाट पत्रकार सरिता नेपालीको अध्यक्षतामा १३ सदस्यीय जिल्ला कमिटी विस्तार भएको छ । शाखा उपाध्यक्षमा हेमराज पाध्याय, सचिव मनि खड्का, सह(सचिव युवराज बडुवाल, कोषाध्यक्ष कमला रावल, सदस्यहरु कमला चदरा, गोविन्दराज तिमिल्सिना, टेक बहादुर बुढा, टेक बहादुर विक, सुनिता जैशी, मुना रोकाया, बल बहादुर बोहरा र उमेश रोकाया चयन भएका छन ।

# खप्तड लघुवित्त र धौलागिरीबीच मर्जरको सम्झौता



काठमाडौं फागुन २३ खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड र धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेका बीच गाभ्ने गाभिने ( मर्जर) सम्बन्धी अन्तिम सम्झौतापत्रमा बुधबार एक समारोहका बीच हस्ताक्षर सम्पन्न भएको छ। मर्जर हुने यी दबै संस्थाहरूमध्ये खप्तड लघुवित्तको कार्यक्षेत्र शुदुरपश्चिम प्रदेश हो भने धौलागिरी लघुवित्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्थाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुरेश बहादुर बमद्धारा जारी प्रेस विज्ञाप्तिमा जनाएको छ।

दुई संस्था बिच गाभ्ने गाभिने मर्जर सम्बन्धी समझदारीपत्रमा मंसीर १८ गते हस्ताक्षर भई पुस १७ गते नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त गरेका थिए। उक्त अन्तिम सम्झौतापत्रमा लागि खप्तड लघुवित्त वित्तीय संस्थाका तर्फबाट सञ्चालक समितिका अध्यक्ष सुमन प्रसाद श्रेष्ठ र धौलागिरी लघुवित्त वित्तीय संस्थाका तर्फबाट सञ्चालक समितिका अध्यक्ष इश्वर लाल राजभण्डारीले हस्ताक्षर गरेका हुन्। उक्त हस्ताक्षर समारोहमा धौलागिरी लघुवित्तका तर्फबाट सञ्चालक एवं संयुक्त मर्जर समितिका संयोज हरि प्रसाद शर्मा, सिर्जना थापा, डा.सुदर्शन सिलवाल, प्रमुख कार्यकारी अधिकृत मिन बहादुर बोहोरा र खप्तड लघुवित्तको तर्फबाट सञ्चालकहरु रणदेव कृष्ण श्रेष्ठ, चन्द्र बहादुर चन्द, डबल बहादुर शाह तथा प्रमुख कार्यकारी अधिकृत शुरेस बहादुर बमको उपस्थिती थियो।

धौलागिरी लघुवित्त वित्तिय संस्था लिमिटेडले साउन २४ गते, मंगलबारबाट साउन २९ गतेसम्म सर्वसाधारणका लागि प्रतिकित्ता १०० रुपैयाँ अंकित दरमा ३ करोड ३१ लाख रुपैयाँ बराबरको ३ लाख ३१ हजार कित्ता सेयर निष्कासन गरेको थियो। कुल कित्ताको ५ प्रतिशतले हुन आउने १६ हजार ५५० कित्ता सेयर सामूहिक लगानी कोष र ०/५ प्रतिशतले हुन आउने ५ हजार १५५ कित्ता कर्मचारीका लागि सुरक्षित गरी बाँकी ३ लाख ९ हजार २९५ कित्ता सर्वसाधारणलाई बिक्री गरिएको थियो। राष्ट्रिय स्तरको कार्यक्षेत्र रहेको धौलागिरीले बाग्लुङ्ग नगरपालिका(२, श्रीनगर टोल, बाग्लुङ्गमा रजिष्टर्ड कार्यालय मार्फत आफ्नो कारोबार संचालन गर्दै आइरहेको छ। खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडले भदौ ८ गतेदेखि भदौ १२ गते, आइतबारसम्म सर्वसाधारणका लागि प्रतिकित्ता १०० रुपैयाँ अंकित दरमा १ करोड ३२ लाख रुपैयाँ बराबरको १ लाख ३२ हजार कित्ता सेयर निष्कासन गरेको थियो। जारी पूँजीको ०/५ प्रतिशत अर्थात २ हजार कर्मचारीहरुका लागि र सर्वसाधारणका लागि छुट्याइएको सेयरमध्ये ५ प्रतिशत अर्थात ६ हजार ६०० कित्ता कित्ता सेयर सामूहिक लगानी कोषका लागि सुरक्षित गरी बाँकी १ लाख २३ हजार ४०० कित्ता सर्वसाधारणलाई छुट्याइएको थियो। सुदूरपश्चिममा कार्यक्षेत्र रहेको खप्तड लघुवित्तको केन्द्रीय कार्यालय कैलालीको गोदावरीमा रहेको छ।

## फागुन महिनाको कृषि कर्म

**खेतीपाती :**

-काँक्रो, फर्सी, समूहको लहरे बालीमा रातो खपते कीराका लार्भाहरु जमीनको सतह भन्दा अलिकति मुनि बस्ने भएकाले समय समयमा गोडमेल गर्नुहोस्। किराको प्रकोप धेरै भएमा साँझ पख साइपर मेथ्रिन (१०५ ई.सी।) २ एम. एल. प्रति लिटर पानीमा मिसाएर माटो र बोट भिज्ने गरी छर्नुहोस्।

-कागती, लिची, आँप बालीहरुमा मौरी तथा अन्य कीराहरुले गुणस्तरीय फल उत्पादनको लागि पराग सेचन प्रक्रिया गर्ने भएकाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कुनुहोस्।

आँपको बगैंचामा मधुवा किराको अत्यधिक प्रकोप देखिएमा डाइमेथेएट ३० ५ ई.सी., १.५ एम.एल प्रतिलिटर पानीमा मिसाई बेलुकी पख छकर्नुहोस्।

-तयार भइसकेको चैते धानको वेर्ना रोप्नुहोस्। वसन्ते मकैको लागि उपयुक्त जातहरु अरुण-३, अरुण-४, अरुण-६, रामपुर हाइब्रिड-८, र रापपुर हाइब्रिड(१०, मध्ये भरपर्दो स्रोतबाट उपलब्ध जातहरुको बीउ लगाउनुहोस्।

-मध्य तथा तल्लो पहाडी क्षेत्रमा सिफारिस गरिए अनुसार उन्नत जातको मकै लगाउने।

-केराको तरबार पाते सकर्स छनौंट गरी रोप्ने।

-सुन्तला, केरा र अन्य फलफूलको बोटमा मल राखी सिँचाई गर्ने र छापो राख्ने

-तराईमा मौरी गोला छुट्याउने।

-तराई, बेंसी र खोँचहरुमा रामतोरिया, बोडी सिमी तथा लहरे तरकारी लगाउने।

-गहुँ खेतमा सिँचाई गर्ने।

-सिँचाई सुविधा भएको तराई र बेंसीमा चैते धानको वेर्ना तयार गर्न व्याड राख्ने।

-उखु रोपेको ४५ देखि ६० दिन भित्र प्रथम सिँचाई र त्यसपछि २०(२५ दिनको फरकमा वर्ष शुरु नभएसम्म सिँचाई गर्दै जाने।

-उच्च पहाडमा आलु बाली लगाउने।

-पाकेको तोरी उखेली ३-४ दिन घाममा सुकाई उचित भण्डारण गर्ने।

**पशुपन्छीपालन :**

-वरसीम, जै आदि घाँस काटी वस्तुलाई खुवाउने र युरियाले टप ड्रेसिङ्ग गरी सिँचाई गर्ने।

-पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली रही एक वा दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। खोरेत र चरचरे विरुद्ध खोप लगाउने समय भएकाले नजिकैको प्राविधिकसँग सम्पर्क गरि पशुवस्तुलाई खोप लगाउनु होस्।

-खुला रुपमा पालिका हाँस, कुखुराहरुलाई जुकाको औषधी अबलेडाजोल १० एम. जी. प्रति के.जी. शारीरिक तौलको दरले एक मात्रा खुवाउनुहोस्। तराईका जिल्लाहरुमा कमन कार्प जातका माछाका ह्याचलिङ्ग बिक्री वितरण शुरु भईसकेको हुँदा नजिकैको सरकारी/निजी ह्याचलिङ्गहरुमा सम्पर्क गर्नुहोस्।

# अन्तर्राष्ट्रिय प्रावधानअनुरूप मापदण्ड आकर्षित हुन्छ : प्रवक्ता सञ्जेल

तरकारीको विषादी जाँच प्रकरणमा बोल्यो कृषि मन्त्रालयः अन्तर्राष्ट्रिय प्रावधानअनुरूप मापदण्ड आकर्षित हुन्छ ।

काठमाडौं फागुन १७ नेपाल सरकारले २०७८ माघ १७ मा स्वीकृत मापदण्डउपर विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरूबाट राय सुझावका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट पठाएकोमा कुनै मुलुकबाट सुझाव प्राप्त नभएपछि उक्त




मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गर्नका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मिति २०७९ भदौ १५ गते मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेको थियो ।

मन्त्रिपरिषद्को निर्णयानुसार उक्त प्रस्ताव मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिमा छलफलका लागि पठाइएकामा समितिमा छलफलको प्रक्रियामा विचाराधीन रहेको बताउँछन् । निर्वाचन पश्चात् नयाँ सरकार गठन भएपछि मन्त्रिपरिषद् वा मन्त्रिपरिषद् समितिमा विचाराधीन रहेका सबै प्रस्तावहरू फिर्ता हुने क्रममा मन्त्रिपरिषद्को पहिलो बैठकको निर्णय अनुसार उक्त प्रस्तावसमेत स्वतः फिर्ता भएको सञ्जेलले जानकारी दिएका छन् ।

भारतबाट आयात हुने तरकारीमा विषादी परीक्षण गर्ने प्रस्ताव रोकेको सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्पष्टोक्ति दिएको छ ।

मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले उक्त मापदण्ड कुनै मुलुकको उत्पादनतर्फ लक्षित नभई विश्व व्यापार संगठनको प्रावधानअनुरूप खाद्य ऐन, २०२३ मा व्यवस्था भएअनुरूप, खाद्य ऐन, २०२३ बमोजिम नेपालभर उत्पादन, आयात(निर्यात एवं बिक्रीवितरण हुने खाद्य पदार्थका लागि आकर्षित हुने जानकारी दिएका छन् ।

यस्तै उनले तरकारीको विषादी जाँच्ने प्रस्ताव सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ध्यानाकर्षण भएको बताए ।

प्रवक्ता सञ्जेलका अनुसार खाद्य पदार्थको गुणस्तर सम्बन्धमा खाद्य ऐन, २०२३ को दफा ७ बमोजिम विभिन्न तरकारीका ६ समूह र १५ उप(समूह एवं फलफूलका ४ समूह र १० उप(समूहको जीवनाशक विषादीको अधिकतम् सीमाका सम्बन्धमा मापदण्ड निर्धारण गर्न अन्तर्राष्ट्रिय कोडेक्स एलिमेन्टारियस कमिशनको खाद्य पदार्थसम्बन्धी मापदण्डको सन्दर्भ सामग्रीका आधारमा खाद्य ऐन, २०२३ को दफा ९ बमोजिमको स्तर निर्धारण समितिबाट मिति

भारतबाट नेपाल भित्रिने तरकारी परीक्षण गर्दा 'जीवनाशक विषादीको अवशेष' भेटिने र नाकामै तरकारी रोकिने भएकाले सरकारले अहिले यो मापदण्ड लागू गर्न अस्वीकार गरेको बताइएको छ । कृषि मन्त्रालयका एक अधिकारीका अनुसार करिब ५ महिनाअघि तरकारीको मापदण्ड सहितको प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको तर 'भारतसँगको आपसी सम्बन्ध बिग्रने' भन्दै फाइल कृषि मन्त्रालयमा नै फर्काइएको छ ।

# खाद्य स्वच्छता तथा गुणस्तर विधेयक संशोधनका लागि दर्ता

काठमाडौं फागुन १६ राष्ट्रिय सभाबाट पारित भएर आएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झा, सुमना श्रेष्ठ र नेकपा एमालेकी सांसद विद्या भट्टराई तथा काँग्रेसका गगन थापाले ऐन बनाउने तर लागू गर्न समयसीमा राख्नुपर्ने बताएका छन् ।

रास्वपाका सांसद मनिष झा र नेकपा एमालेकी सांसद विद्या भट्टराईले ३६६ औं



दिनदेखि लागू हुने व्यवस्थाको प्रस्ताव गरेका छन् ।

तर रास्वपाकै अर्की सांसद सुमना श्रेष्ठले "ऐन प्रमाणीकरण भएको मितिले पूँजीका आधारमा वर्गीकृत ठूला उद्योग-व्यवसायको हकमा १ वर्ष, मझौला तथा साना उद्योग( व्यवसायको हकमा ३ वर्ष र अन्य उद्योग( व्यवसायको हकमा ५ वर्षबाट प्रारम्भ हुनेछ" लेख्न प्रस्ताव गरेकी छिन् भने नेपाली कांग्रेसका सांसद गगन थापाले '१८१' औं दिनपछि ऐन लागू हुने प्रावधान राख्न प्रस्ताव गरेका छन् ।

प्रस्तावित विधेयकमा 'ऐन प्रमाणीकरण भएको ३१ औं दिनदेखि लागू' हुने उल्लेख छ । तत्कालीन कृषिमन्त्री घनश्याम भूसालले २८ असार २०७७ मा 'खाद्य स्वच्छता तथा गुणस्तर विधेयक' राष्ट्रिय सभामा दर्ता गरेका थिए । राष्ट्रिय सभाले ऐन लागू हुने समयका सन्दर्भमा प्रस्तावित व्यवस्थालाई नै सदर गरेको छ ।

# काँक्रो उत्पादन प्रविधि



कुकरविटासी ( Cucurbitaceae) परिवारमा पर्दछ। यसको उत्पत्ति नेपाल भारतको दक्षिण पुर्वी भागमा भएको मानिन्छ। अन्य लहरेबाली जस्तै काँक्रो पनि धेरै गर्मी र धेरै जाडो तुसारो कुहिरो सहन नसक्ने बाली हो। यसलाई लामो समयसम्म न्यानो तापक्रम आवश्यक पर्दछ। सरदर २५ देखि ३० सेन्टीग्रेड तापक्रम बोट वृद्धि र फल लाग्ने उपयुक्त मानिन्छ भने रातको तापक्रम १५ सेन्टिग्रेड भन्दा कम भएमा फल लाग्दैन। पौष्टिक हिसाबले कांक्रोमा भिटामिन बी.सी र क्याल्सियम फस्फोरस र पोटास बढी पाइन्छ।

**वनस्पती विवरण :**

काँक्रोको बोट कम लहरादेखि बढी लहरा जाने, हाँगा हुने, पातमा ३-५ खण्ड परेको हुन्छ र पातको फेदबाट त्यान्द्राहरू निस्कन्छ। काँक्रोको बोटको जरा लामो गहिरोसम्म जाने हुन्छ।

१. जातहरु :

**कुशले** : यो जात नवलपरासी जिल्लाको झ्यालवास, देउराली गाविसमा प्रसिद्ध छ। यो जात भदौं असोज अर्थात सुख्खा मौसममा र जहाँ कुहिरो कम लाग्छ। त्यहा उत्पादन लिन सकिन्छ। फल हल्का हरियो काँढा उम्रेका जस्तो देखिने, खादा मीठो स्वाद र बीउ रोपेको ७५-८० दिनमा पहिलो पटक टिप्न सकिन्छ।

२.पोइन्ट सेट : सुख्खा मौसम सहने, फल सानो र हरियो र बीऊ रोपेको ६५-७० दिनमा पहिलो पटक टिप्न सकिन्छ। यो पाउडरी मिल्ड्यू, र ओइलाउने रोग अवरोध जात हो।

३.भक्तपुर स्थानीय : फल ठूलो हल्का हरियो सेतो, धेरै लहरा जाने र झाँगीने खालका हुन्छ।

हाइब्रिड जातहरू :

१.माइक्रोलंग ग्रीनः ६०-६५ दिनसम्म फल टिप्न तयार हुन्छ। बोट माध्यम फैलिने, फल माध्यम आकारको र हरियो हुने र माध्यम देखिने पछौटे बालीको रुपमा लगाउन सकिन्छ।

२.मालिनी : अगौटे र पछौटे दुबै बालीको लागि उपयुक्त चिस्यान कम भएमा स्वाद तितो हुन सक्दछ।

३. निन्जा : यो वेर्ना सारेको ४५ दिनमा पहिलो पटक टिप्न सकिने, अगौटे बालीको रुपमा लिन सकिन्छ र साउन भदौमा उत्पादन लिन सकिने जात हो।

**माटो :**

काँक्रो खेतीका लागि बलौटे दोमट, पागो दोमट उत्तम मानिन्छ। काँक्रो बाली ५.५ पी एच. भन्दा कम अर्थात अम्लीय माटोमा संवेदनशील हुन्छ। विरुवाको वृद्धि र उत्पादन हुन्छ।

**वेर्ना उत्पादन प्रविधि :**

बेमौसमी खेतीको लागि पौष महिनामा वेर्ना तयार गरी माघको पहिलो वा दोस्रो हप्ता तापक्रम बढ्न थालेपछि वेर्नालाई खेतबारीमा सार्न प्लाष्टिकको थैलामा बीऊ उमार्नु पर्दछ।

आवश्यक सामाग्री : ४ देखि ६ आकारको प्लाष्टिक सीट, कम्पोष्ट वा गोबर मल, माटो, बाँसको भाटा, उन्नत जातको बीऊ।

१ मीटर चौडाई र आवश्यकता अनुसार लम्वाईको करीब एक वित्ता गहिरो गरी व्याड तयार गर्ने।

२. भाग माटो, २ भाग पाकेको गोबर र १ भाग वालुवाको मिश्रण तयार गर्ने। यसको साथै २ ग्राम मालाथिएन पाउडर प्रति के.जी माटोमा मिसाउने।

- त्यसरी माटोको मिश्रणलाई ४ देखि ६ आकारको प्लाष्टिक थैलामा २-२-३ सेमी छोडेर भर्ने र हलुका खाँद्ने।

- बीऊलाई १२-२४ घण्टासम्म पानीमा भिजाउने र प्रत्येक थैलामा ३ सेमी गहिरो गरी २ वटा बीऊ रोप्ने। बीऊ अंकुरण गराई रोप्दा अझ छिटो र राम्ररी उम्रन्छ।

- त्यसपछि यसलाई गुम्बोज भित्र ठाडो गराई टमक्क मिलाएर राख्ने, पानीले भिजाउने र माथिबाट परालले पातलो गरी छाप्रो हाल्ने। अनि प्लाष्टिक सीटले ढाकी दिने।

-प्लाष्टिक सीट दिउसो घाम लागेको बेला हटाउने र बेलुकी राख्ने। चिसो हावा चलेमा वा पानी परेमा दिउँसो पनि ढाकी दिने।

-विरुवा उम्रेपछि परालको छाप्रो हटाइदिने, आवश्यकता अनुसार पानी दिने रोग देखा परे वेभिष्टिन १ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने।

-बीऊ राखेको २०-२५ दिनमा विरुवा ३-४ पाते भएपछि मुख्य खेतमा लगेर सार्ने।

काँक्रो बीउ उमार्ने तरिका :

काँक्राको वेर्नाहरू वेमौसममा तयार गरी रोप्न र मुख्य समय भन्दा १-२ महिना अगाडि रोपी राम्रो बजार मूल्य पाउनको लागि राम्रोसँग बीउ उमार्न निम्न तरिका अपानाउन सकिन्छ।

-बजारको माग अनुसारको बीउ छनौट गर्ने।

-बीऊलाई १२-१४ घण्टा पानीमा भिजाउने।

-भिजाएको बीउलाई सेतो पातलो कपडामा राख्ने र पानी ओवाउन दिने

-आफ्नो घरको आँगनमा रहेको गाइभैंसीलाई कुँडो बनाउन राखेको चुल्होको करीब १ हात टाढा १-१.५ हात गहिरो हात छिराउने सकिने खाल्टो चुल्होको तलतिर पार्ने हिसाबले खन्ने।

-त्यसपछि कपडामा राखी तयार गरेको बीऊको पोकालाई त्यसबाट खाल्टाको तल राख्ने र माथिबाट कपडाको वा परालको डल्लो बनाई खाल्टोको प्वाल बन्द गरिदिने।

-२-३ दिनमा बीऊको निरीक्षण गर्ने र यसरी बीऊ राखेको ३-४ दिनमा बीऊमा टुसा निस्कन थाल्दछ।

-यसरी उम्रेको बीउलाई प्लाष्टिक थैलामा माटोभरी माथि बताए जस्तै गुम्बोज बनाई राख्न सकिन्छ। अथवा सिधै खेतबारीमा लगाउन सकिन्छ। सिधै खेतबारीमा लगाउदा लगाएपछि भुस वा परालले छोपिदिनु पर्दछ।

**बीउ दर :**

प्रति कट्ठा ६५-७० ग्राम

**रोप्ने समय :**

काँक्रो रोप्न तराईको लागि मुख्य समय माघ फागुन हो भने बेमौसमी खेतीको लागि पुसमा वेर्ना तयार गरी रोप्नु पर्ने हुन्छ। जुन स्थानमा बाक्लो कुहिरो नलाग्ने हुन्छ। त्यहाँ कुशले

जातको काँक्रो भदौ असोजमा लगाई कार्तिक, मंसीरमा पनि फलेको पाइएको छ । मध्य पहाडमा फागुन चैत्रमा रोपिन्छ भने उच्च पहाडमा वैशाख देखि जेष्ठ सम्म रोप्न सकिन्छ ।

**तरिका र मलखाद :**

काक्रो रोप्ने जग्गा २-३ पटक जोतेर सम्म पार्नु पर्दछ । जग्गालाई २-२ मीटरको ड्याङ्ग बनाउनु पर्दछ । रोप्ने दूरी अनुसार एक ड्याङ्गमा २ वटा खाडल खनी प्रत्येक खाडलमा २ देखि ३ केजी गोबर मल वा कम्पोष्ट मल राख्नु पर्दछ । मल दिदा जग्गामा चिस्यान कायम हुनुपर्दछ । यसको साथै जुन माटोमा बढी कीरा लाग्ने गरेको छ प्रति खाडल १० ग्राम मालाथिएन धूलो राख्नु पर्दछ ।

**रोप्ने दूरी रोप्ने तरीका** :

का-क्रोको जात अनुसार २ मिटर पंक्तिदेखि १ मीटर सम्मको दूरीमा ३०-४० सेमी गहिरो गरी खाडल खनी माथि उल्लेख गरे अनुसारको मलखाद प्रयोग गर्नु पर्दछ । यसरी तयार गरेको खाडलमा ३ देखि ४ दिनपछि प्रति खाडल २ दाना पर्ने गरी २-३ सेमी गहिरो गरी रोप्नु पर्दछ ।

**गोडमेल र सिंचाई :**

आवश्यकता अनुसार झारपात देखिएपछि गोडिदिनु पर्दछ । विरुवा ठूलो भै फुल्न थालेपछि हातले झारपात उखेली दिनु राम्रो हुन्छ । कोदालोले गोड्दा जरा या काण्डमा चोट लागेर ब्याक्टेरियाले आक्रमण गर्न सक्दछ । लहरा जाने र फूल फुल्ने समयमा पानीको निकै आवश्यकता पर्दछ । माटोको चिस्यान हेरी सिंचाई गर्नु पर्दछ ।

**थाँक्रा दिने/छापो हाल्ने :**

यो बाली लहरा जाने हुँदा थाँक्रा दिनु आवश्यक हुन्छ । हिउँदमा थाँक्रा दिन सकिएन भने बिरुवाको वरिपरि पराल वा गट्टेले छापो हालीदिनु पर्दछ । साथै काँक्राको पहिलो मुन्टा चुडीदिएमा धेरै लहरा निस्कन्छ र बढी फल लाग्दछ । थाँक्रा दिएको बोटमा नदिएको भन्दा बढी उत्पादन लिन सकिन्छ ।

उत्पादन :

काँक्रोको उत्पादन जात हेरी सरदर १२(१४ टन प्रति हेक्टरसम्मका हुन्छ । काँक्रो यथासम्भव टिपेपछि छिटो खानु पर्दछ ।

**रोग र कीरा व्यवस्थापन :**

काँक्रामा लाग्ने रोगहरू मध्ये पाउडरी मिल्ड्यू र डाउनी मिल्ड्यु प्रमुख रोगहरू हुन् । पाउडरी मिल्ड्यू रोग लाग्दा पातको माथिल्लो भागमा सेतो पाउडर जस्तो धुलो र डाउनी मिल्ड्यु लाग्दा पातको तल पट्टी पानीले भिजेजस्तो रातो दाग र पछि गएर पात सुकेको जस्तो देखिन्छ । यी रोगको नियन्त्रण गर्नका लागि क्याराथेन २ ग्राम प्रति लिटर पानीमा मिसाई १५ दिनका फरकमा ३ पटक पातमा स्प्रे गर्नु पर्दछ । व्यावसायीक रुपमा काँक्रोको खेती गर्ने कृषकले यसमा लाग्ने रोगहरूको नियन्त्रण गर्न निम्न उपाय गर्नु पर्दछ ।

-पहिलो दिन ८ लिटर पानीमा सिसाको १ चिया गिलास नतताएको दुध मिसाई पातमा स्प्रे गर्ने ।

-त्यसको २ दिनपछि प्रिभेन्टल १ ग्राम प्रतिलिटर पानीमा मिसाई २-३ घण्टा भिजाई छर्ने ।

-त्यसको २ दिनपछि क्रिनोक्सील गोल्ड २ ग्राम प्रतिलिटर पानीमा, मल्टीप्लेक्स ३ ग्राम प्रतिलिटर पानीमा स्ट्रप्टोमाइसिन २ ग्राम प्रति १० लिटर पानीमा मिसाई छर्ने । यो प्रक्रिया काँक्रो बाली लिने अवधिसम्म ३ पटक प्रयोग गर्नु पर्दछ ।

-५ लिटर पानी १ किलोग्राम गोवरका दरले प्लाष्टिक भाँडामा १०-१५ दिनसम्म राख्ने अनि काँक्रो ४-५ पाते भएपछि प्रतिबोट १ गिलास राख्नाले बिभिन्न रोग कीरा लाग्नाबाट बचाउनुको साथै विरुवालाई मल समेत प्रदान गर्दछ ।

-रातो खपटे कीराको लागि फललाग्नु अघि रोग र फल लागेपछि नुभान विषादी २ मिलि प्रतिलिटर पानीमा मिसाई १०-१२ दिनको फरकमा २-३ पटक छर्नु पर्दछ ।

-पल कुहाउने औंसाको लागि १ लिटर पानीमा १ मिलि मालाथिएन र १० ग्राम चिनी वा भेल्ली मिसाई ७ दिनको फरकमा छर्कनु पर्दछ । अथवा मिथाइल क्युलियरको फेरोमेन ट्रेप प्रति कट्टा ३ वटाका दरले जमिन भन्दा २ फिट उचाईमा झुन्ड्याउने ।

काँक्रोमा हर्मोनको प्रयोग

-काँक्रो बालीमा जीब्रेलिक एसिड ९न्ब० १००० पिएिमको झोल बनाई वेर्ना २ देखि ४ पाते हुँदा छर्केमा विरुवामा भाले फूल बढाई भाले र पोथी फूलको अनुपात मिल्ने र फूल झर्नबाट रोकिन्छ र उत्पादन बढ्छ । त्यसैगरी इथरेल २००-५०० पीपीएम अथवा मेलिक हाइड्राजाइड ५०-१०० पीपीएम छरेमा पोथी फूलहरू बढाई भाले र पोथी फूलको अनुपात मिलाउन सकिन्छ ।

-काँक्राको बालीमा मल्टीप्लेक्स ३ ग्राम प्रतिलिटर पानीमा मिसाई छर्कने गर्नाले फूल झर्नबाट जोगिन्छ । र उत्पादनमा वृद्धि हुन्छ ।

**बीउ उत्पादन :**

यो परसेचित बाली भएकाले मल, बीऊ उत्पादनका लागि एक जातदेखि अर्को जातको दूरी १००० मीटर र उन्नत बीऊको उत्पादनका लागि ४०० मीटर कायम गरी लगाउनु पर्दछ । यसका साथै यस समूहका अन्य तरकारीहरू नजिक लगाउनु हुँदैन प्रशस्त प्राङ्गारिक मल तथा सिफारिस अनुसार रासायनिक मल प्रयोग गर्नु पर्दछ ।

**रोगिङ्ग :**

गुणस्तरको बीऊ उत्पादन गर्न फूल फुल्न अगाडि, फलको विकास हुने समयमा र फल टिप्ने अवस्थामा रोगी विरुवा रोगिङ्ग गरी हटाउनु पर्दछ ।

**टिप्ने अवस्था :**

फल हरियो रङ्गबाट खैरो रङ्ग भएपछि भौतिक रूपले पुरा परिपक्व भएपछि टिप्नु पर्दछ । यस्तो बेलामा काक्राका बीऊहरू पुरा पाकी सकेका हुन्छन् ।

**बीउ निकाल्ने :**

काक्रोको गुदीलाई प्लाष्टिक वा माटोको भाडोमा १-२ दिनसम्म राख्ने र निकालेको बीऊलाई सफा पानीले २-३ पटक धोएर सुकाउनु पर्दछ । बीऊलाई प्याकिङ्ग गर्न यसमा चिस्यान १० प्रतिशतसम्म हुनुपर्दछ ।

**बीउ उत्पादन :**

काँक्रोको औसत बीऊ उत्पादन १००(२०० किलो ग्राम प्रति हेक्टरसम्म हुन्छ ।


## जनहितको लागि समर्पित सूचना

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्ननिम्न कुराहरूको पालना गरौं ।

अरुलाई बचाऔं, आफू पनि बाचौं ।

१. धुम्रपान, मध्यपान नगरौं ।

२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू खाऔं ।

३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं

४. समयमा सुतौं, अनिदो नबसौं ।

**कृषि जर्नल मासिक**

# अर्थतन्त्र सुधार्न कृषि र किसानको अवस्था सुधार गरौं



वर्तमान आर्थिक अवस्थाबाट देशलाई माथी उठाउन कृषि र किसानहरुको अवस्था सुधार्नुपर्ने आवश्यकता रहेको काठमाण्डौंमा आयोजित एक कार्यक्रमका बक्ताहरुले बताउनुभएको छ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को २२ औं स्थापना दिवसका अवसरमा बोल्ने वक्ताहरुले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउँदै कृषिजन्य वस्तुहरुको भण्डारण, प्रशोधन र बजारीकरणमा ध्यान दिन सके अर्थतन्त्र सुधारको बाटो खुल्ने बताउनुभएको हो ।

कार्यक्रममा बोल्नुहुँदै कृषि विकास बैंकका पूर्व अध्यक्ष एवं सिइयो श्रीकृष्ण उपाध्यायले कृषि क्षेत्रमा लगानी मात्र नभई उत्पदनको बजारीकरणमा समेत ध्यान दिनुपर्ने आवश्यकता औल्याउनुभयो । उहाँले ग्रामीण क्षेत्रमा राम्रो काम गरेका कृषि सहकारीका सदस्य किसानहरुलाई उत्साह बढाउन सरकारले त्यस्ता सहकारीको पहिचान गरी कृषिका कार्यक्रमहरु कार्यन्वयन गर्नुपर्नेमा जोड दिनुभयो । सहकारीमा समस्या मात्र छैनन्, उँहाले भन्नुभयो सम्भावना बोकेका र आफुलाई सफल प्रमाणीत गरेका सहकारीहरुपनि छन् यसको पहिचान गर्ने र भन्ने समय आईसकेको छ । सहकारी र लघुवित्तलाई एउटै नजरबाट हेर्ने परिपाटीको अन्त्य गर्नुपर्ने उपाध्ययको जोड रहेको थियो ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले सहकारी मार्फत सदस्य किसानहरुलाई प्रवाह गरेको ज्ञान, सिप, पूँजी, प्रविधि र सचेतनाले गरिब, पिछडीएको वर्ग, दलित, अल्पसंख्याक, महिलाहरुको नेतृत्व विकासमा ठूलो योगदान पुगेको बताउनुभयो ।

यसैगरी कार्यक्रममा सना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष खेम बहादुर पाठकले लघुवित्तलाई एउटै डालोमा राखेर गरिएको विश्लेषण प्रति असन्तुष्टि जनाउनुभयो । उहाँले जहाँ समस्या छ त्यहीँ उपचार गर्नुपर्नेमा सबै क्षेत्र नै गलत भयो भन्नेगरी भईरहेको प्रचार प्रसारले आफुहरुलाई नकारात्मक प्रभाव पारिरहेको बताउनुभयो । उँहाले साना किसान विकास लघुवित्त वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्था मार्फत सदस्य किसानहरुलाई सेवा प्रदान गर्दै आईरहेको स्पष्ट पार्दै साना किसानमा कुनै समस्या नरहेको दावी गर्नुभयो । अहिले १ हजार ४ सय ५९ साझेदार साना किसान कृषि सहकारी मार्फत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले सेवा प्रवाह गरिरहेको जानकारी गराउँदै उहाँले आफ्नो सञ्जालका संस्थामा बजारमा भनिएजस्तो समस्या नरहेको स्पष्ट पार्नुभयो ।

ग्रामीण अर्थतन्त्र सुधारमा केन्द्रीत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले समुदायमा पछाडी परेका राउटे, कुसुण्डा, मुसहर, बनकरीया, दलित, अल्पसंख्याक र महिलाहरुको आर्थिक सामाजिक रुपान्तरणमा काम गरिरहेको जानकारी गराउनुभयो ।

किसानहरुको सहभागितामा किसानहरुकै नेतृत्वमा सञ्चालित साना किसान कृषि सहकारीहरुमा कुनै समस्या नरहेको स्पष्ट पार्नुहुँदै अध्यक्ष पाठकले कहीँ कतै त्यस्तो समस्या देखिए तत्काल समाधान गर्न आफुहरु तयार रहेको प्रतिवद्धता व्यक्त गर्नुभयो ।

गरिब किसानहरुलाई धनी बनाउने, पछाडी परेकाहरुलाई मुलधारमा ल्याउने, सामाजिक सामुदायिक काम मार्फत खानेपानी, सडक, सरसफाई लगायतका काममा साना किसानहरु गाउँ-गाउँमा लोकप्रिय संस्था बनेको अध्यक्ष पाठकले दावी गर्नुभयो ।

कार्यक्रममा कृषि विकास बैंकका सिईयो गोविन्द गुरुङले नेपालको दुरदराजका किसानहरुलाई व्यवसायी बनाउन साना किसान लघुवित्त वित्तीय संस्थाले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो । उहाँले किसानहरुलाई उत्पादनमा लाग्न प्रेरित गर्ने, उत्पदन गर्ने, प्रशोधन गर्ने, भण्डारण गर्ने र बजारसम्म जोड्ने कुरामा अझै काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । सिईयो गुरुङले किसानहरुको सहभागिता र नेतृत्व रहने साना किसान सहकारीसंग मात्र कारोवार गर्ने साना किसान विकास लघुवित्त वित्तीय संस्थाको पहुँच वृद्धि गर्नुपर्नेमा समेत जोड दिनुभयो । उँहाले सदस्यहरुको क्षमता विकास गर्दै विशेषगरी युवाहरुलाई नेपालमै कृषि तथा पशुपालनका क्षेत्रमा राम्रो आम्दानीको वातावरण बनाउन सकिसने सम्भावना रहेको समेत बताउनुभयो ।

यसैगरी कार्यक्रममा बोल्नुहुँदै साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोईरालाले लघुवित्तले गरेको काम हेरेर संस्थाहरुको मूल्यांकन गरिनुपर्नेमा जोड दिनुभयो । उँहाले नेपालका ७६ जिल्लाका १० लाख ७९ हजार भन्दा बढि घरपरिवारमा पुगेको साना किसान कार्यक्रम नेपालको ग्रामीण अर्थतन्त्र सुधारमा एक सफल कार्यक्रम रहेको दावी गर्नुभयो । उहाँले ७९ प्रतिशत महिला सदस्य रहनेगरी नेपालको दुरदराजमा साना किसान कृषि सहकारीहरु स्थापना भई सञ्चालनमा रहेको बताउनुभयो । अहिले सहकारी मार्फत सदस्यहरुले एकल र सामुहिक रुपमा चिया, दुध, डेरी, तेल, चामल लगायतका उद्यम सुरु गर्नुभएको जानकारी दिनुभयो ।

कार्यक्रममा देशभर रहेका १ हजार ४ सय ५९ साझेदार सहकारी संस्था मध्ये सर्वोउत्कृष्ट संस्थाका रुपमा परिवर्तन महिला साना किसान कृषि सहकारी संस्था लि. गुमी सुर्खेतलाई पुरस्कृत गरिएको छ । यसैगरी ११ वटा इलाका कार्यालय रहेको संस्थाले उत्कृष्ट इलाका कार्यालयका रुपमा हेटौंडा इलाका कार्यालाई उत्कृष्ट इलाका कार्यालयका रुपमा पुरस्कृत गरेको छ । कार्यक्रमका लघुवित्त वित्तीय वित्तीय संस्था लि. का सञ्चालक, कर्मचारी, पत्रकार एवं विभिन्न सहकारीका अध्यक्ष, सञ्चालक तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# अन्तर्राष्ट्रिय दिगो कृषि विकास : चुनौती र अवसर, विषयक गोष्ठी

अन्तर्राष्ट्रिय दिगो कृषि विकास : चुनौती र अवसर' विषयक गोष्ठी भारतको विहारमा सम्पन्न :

कृषि, पशुपन्छी तथा मत्स्य प्रसार सेवामा नेपालमा नयाँ आयाम थपिने अपेक्षा : पूर्वसचिव डा. कार्की

काठमाडौं माघ २८ भारतको विहार राज्य मधुवनीमा माघ २८ कृषि विज्ञ केन्द्रमा "अन्तर्राष्ट्रिय दिगो कृषि विकास : चुनौती र अवसर" विषयक ३ दिवसीय कृषि महोत्सव सम्पन्न भएको छ ।

महोत्सवमा सहभागी हुन नेपाल फार्मर्स एडभाइजरी काउन्सिल, काठमाडौंका अध्यक्ष एवं नेपाल सरकारका पूर्व कृषि सचिव डा.योगेन्द्रकुमार कार्कीको संयोजकत्वमा १ दर्जन सम्बन्धित निकायका पदाधिकारीको टोली विहार गएका थिए ।

तीन दिनसम्म चलेको कार्यक्रममा विश्वमा भइरहेका कृषि सम्बन्धी विकास र विस्तार बारेका सीप तथा ज्ञानको एकआपसमा साटासाट गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रम फलदायी हुने आशा गरिएको छ ।

नेपालबाट सहभागी पूर्वकृषि सचिव डा.योगेन्द्रकुमार कार्कीले उद्घाटन सत्रमा बोल्दै कृषि, पशुपन्छी तथा मत्स्य प्रसार सेवामा नेपालमा नयाँ आयाम थपिने अपेक्षा गरिएको बताएका थिए ।

उनले अन्य मुलुकहरूभन्दा फरक भूगोल भए पनि नेपालमा कृषि विकासका बारेमा भएका असल अभ्यासबारे आफ्नो अनुभव बाँडेका थिए । कार्कीले भारतमा भएका कृषि अभ्यासहरू नेपालमा पनि लागू गर्न सकिने बताएका थिए ।

कार्कीले सार्क राष्ट्रहरूले कृषि विकासका सामुहिक रणनीतिक योजनाहरू बनाएर कार्यान्वयन गर्न सकेमा कृषिमा लाग्ने किसानहरू र व्यवसायीहरूको जीवनस्तर परिवर्तन ल्याउन सक्ने बताएका छन् ।

पछिल्लो समय नेपाल कृषि क्षेत्रमा उल्लेखनीय प्रगतितिर लम्किरहेको र कृषि क्षेत्रको व्यवसायीकरण पनि बढिरहेका सन्दर्भमा नेपाल सरकार तथा प्रदेश सरकारहरूले कृषि व्यवसायीहरूलाई कार्यक्रममा सहभागी गराएमा अझ बढी फलदायी हुने कार्कीले बताए ।

नेपालका पूर्वसह(सचिव डा.विमलकुमार निर्मलले दिगो विकासका लागि खाद्य सुरक्षा : यसका चुनौती तथा अवसरहरूबारे कार्यपत्र प्रस्तुत गरेको थिए । कार्यक्रममा बागमती प्रदेशका कृषि सचिव डा.शरणकुमार पाण्डेको पनि उपस्थिति रहेको थियो ।

भारतीय कृषि अनुसन्धान परिषद्, एसके चौधरी फाउण्डेशन र विहार सरकारको संयुक्त आयोजनामा सञ्चालित कार्यक्रमको प्रमुख अतिथिमा बिहार विधान सभाका उपाध्यक्ष महेश्वर हजारीले गरेका थिए ।



कार्यक्रममा विभिन्न अन्तर्राष्ट्रिय अतिथिहरूको उपस्थिति रहेको थिए ।

दिगो विकासमा १७ वटा लक्ष्यहरूमध्ये अधिकांश विषयहरू कृषिसँग सम्बन्धित योजनाहरू रहेका छन् । सम्मेलनमा उपस्थित ३१ देशका प्रतिनिधिहरूले प्रविधि तथा विज्ञानका बारेमा आवश्यक छलफलसमेत गरेका थिए ।

अन्तर्राष्ट्रिय दिगो कृषि विकास, यसका चुनौती र अवसरका बारेमा फरवरी ११-१२ तारिख सम्म चलेको सम्मेलनको प्रमुख अतिथि लोक सभाका सहायक प्रमुख महेश्वर हजारीले सम्मेलनको उद्घाटन गरेका थिए । उद्घाटन सत्रमा भारत सरकारका लघुवित्त मन्त्री नारायण टाटु राने, विहार सरकारका मन्त्री लेसीसी, संयजकुमार झा, समीरकुमार महासेठ, शिलाकुमारी मण्डलहरूको सहभागीता रहेको थियो ।

# बाख्रापालक किसान व्यवसायिक बन्दै

काठमाडौं फागुन ९ ओखलढुंगाका किसान व्यवसायिक बाख्रापालनमा जुटेका छन् । उद्योग मन्त्रालय अन्तर्गत रहेको ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) बाट आर्थिक तथा प्राविधिक सहयोग पाएपछि बाख्रापालनतर्फ किसानहरु लागेका हुन् ।

जिल्लाका केही किसानले फर्म नै सञ्चालन गरेर व्यवसायिक बाटो समाएका छन् । सिद्धिचरण नगरपालिका वडा नं १० बेतिनीमा रहेको नमुना बाख्रापालन समूहमा आवद्ध २ जना किसान फर्म सञ्चालन गर्न सफल भएका हुन् । स्थानीय रमेशकुमार धमलाले समृद्धि बाख्रा फर्म र बुद्धिकादेवी धमलाले आइतबारे बाख्रा फर्म सञ्चालनमा ल्याएका छन् । दुबै फर्म सिद्धिचरण नगरपालिकाका मेयर तेजन खनालले उद्घाटन गरेका थिए । समृद्धि आयोजनाले ३५ हप्तासम्म समूहमा सञ्चालन गर्ने वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान तालिमबाट अभिप्रेरित भएर फर्म सञ्चालन गर्न सफल भएको आइतबारे बाख्रा फार्मकी सञ्चालक बुद्धीकादेवी धमलाले बताइन् । यहाँको किसान समूहमा समृद्धि आयोजना लागु भएपछि अन्य आधा दर्जन समूह सदस्यले समेत व्यवसायिक फर्म शुरु गर्ने तरखरमा रहेको समूहका अध्यक्ष घनश्याम बास्तोलाले जानकारी दिएका छन् । समृद्धि आयोजना जिल्लाका ११ वटा समूहमा सञ्चालित छन् । समृद्धि लागु भएका समूहका किसान व्यवसायिक बाख्रापालनतर्फ जुट्दै आएका छन् । विगत २ वर्षको अवधिमा समूहमा दोब्बर संख्यामा बाख्रा वृद्धि भएको नमुना बाख्रापालन कृषक समूहका सचिव ज्ञाननारायण श्रेष्ठले बताउनु भएको छ ।

समृद्धि आयोजना लागु भएपछि यहाँका विपन्न किसानमा व्यवसायिकता देखिँदै गएको छ । समृद्धिले किसान समूहमा नश्ल सुधार, खोर सुधार, घाँस खेती वित्तीय तथा प्राविधिक शिक्षा तालिम, बजार सञ्जाल विस्तारलगायतका क्षेत्रमा काम गरिरहेका छन् ।

# विदेशी लगानीले नेपालको किसानलाई प्रत्यक्ष असर पार्छ :एशोसिएसन



काठमाडौं फागुन २९ गते नेपाल डेरी एशोसिएसनका अध्यक्ष प्रह्लाद दाहाले विदेशी लगानी खुला गरिएको सम्बन्धमा गम्भीर ध्यानाकर्षण गरिएको छ ।

मिति : २०७९/११/२९

**प्रेस विज्ञप्ति :**

विज्ञाप्ति कृषिमा विदेशी लगानी ल्याउन पाउने भन्ने सर्वोच्च अदालतको निर्णयमा नेपाल डेरी एसोसिएसनले असमती राख्दै जारी प्रेस विज्ञप्ति ।

परापूर्व कालदेखि कृषि पेशालाई जीविकोपार्जनको आधार बनाई जीवन निर्वाह अर्थतन्त्रमा दैनिक गुजारा गरिरहेका समग्र कृषि क्षेत्रमा आस्रित सबैजना दयनीय अवस्था र कृषि पेशामा रहेको परम्परागत मौलिक प्रविधि, ज्ञान र सीपको राज्यबाट संरक्षण र सवर्द्धन हुनुपर्नेमा नेपाली भूमिहिन, सिमान्त, कृषि श्रमिक, महिला र किसानहरुलाई विर्सेर केही ठूला लगानी कर्ताहरुको पहलमा विशेष गरि साना कृषि क्षेत्रको हितलाई प्रतिकूल हुनेगरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७७/०५/२८ को निर्णयबाट कृषि क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने विषयमा अध्ययन गर्न तत्कालीन उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा गठित कार्यदलले दिएको प्रतिवेदनलाई आधार मानी नेपाल सरकारले कृषि क्षेत्रमा वैदेशिक लगानी खुल्ला गर्न मिति २०७७/०९/२० मा नेपाल राजपत्रको भाग २ मा प्रकाशन गरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीको बुँदा नं. १ मा संशोधन गरी कृषि क्षेत्रमा समेत ठूला वैदेशिक लगानी खुला गरिनु दुःखद विषय थियो । यसको विरुद्धमा देशको कुल कृषक संख्याको ७० प्रतिशतभन्दा बढि कृषि क्षेत्रमा लाग्नेहरुले अवलम्बन गर्दै आएको कृषि प्रणाली नै खलवलिने साथै समग्र किसानहरुको जीविकोपार्जनमा प्रत्यक्ष असर पर्ने भएकाले आम क्षेत्र र किसानहरुको हितमा काम गर्ने विभिन्न संघ संगठनहरुले सर्वोच्च अदालतमा कृषि क्षेत्रको पक्षमा वहश समेत गराई वैदेशिक लगानी विरुद्धमा नेपाल डेरी एसोसिएसन एकल र संयुक्त रुपमा निरन्तर चरणबद्ध अभियान चलाउँदै आइरहेका छ । राजपत्रमा खुला नगरिएका उद्योग वा व्यवसाय अन्तर्गत "आफूले उत्पादन गरी कम्तीमा ७५ प्रतिशत निकासी गर्ने पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसंग सम्बन्धित ठूला उद्योग बाहेकका सो क्षेत्रका अन्य उद्योग व्यवसाय" सरकारले नीतिगत रुपमै नेपालको संविधानले सुनिश्चित गरेको मौलिक हकलाई समेत बेवास्ता गरि समग्र कृषि क्षेत्रको सार्वभौम जीवन निर्वाहको हक समेत खोस्ने गरी ऐन संशोधन भएकोमा कृषिमा वैदेशिक लगानी ल्याउने उक्त निर्णय उपर पुनर्विचार होस् भनी अधिवक्ता डा. पुण्यप्रसाद खतिवडा लगायतले सम्मानित सर्वोच्च अदालतमा चढाएको उत्प्रेशण रीट निवेदन ०७७-WO-६२ लाई सर्वोच्च अदालतको मिति २०७९ जेष्ठ २० गतेको फैसला हुदाँ समग्र कृषी पेशाको संरक्षणको विपरीत वैदेशिक लगानी गर्न पाउने गरी भएको फैसलाले हामी समग्र कृषि क्षेत्रमा सरोकार राख्नेहरु थप दुखी भएका छौं ।

कुनै पनि क्षेत्रमा वैदेशिक लगानी ल्याउने भनेको त्यो क्षेत्रमा आम जनता र देशले लगानी गर्न नसक्दा मात्र हो । यहाँ लगानीको कमि होइन । यहाँ कृषि क्षेत्रमा लगानीको ग्यारेन्टी नभएको हो किन कि कुनै बैंक वा कम्पनीको आइपियो खुल्दा चाहिनेभन्दा १० औं गुना बढि रकम आउँछ । त्यसैले हाम्रो देशको कृषि क्षेत्रमा वैदेशिक लगानी होइन बरु प्रविधिको आवश्यक छ । यहाँ वैदेशिक लगानी सम्मेलन गरिन्छ अनि अनेकौं सुविधा दिन्छु भनिन्छ । तर स्वदेशी लगानी सम्मेलन गरि राज्यले लगानीको ग्यारेन्टी लिने र राम्रो वातावरण सृजना गर्ने हो भने यहीं चाहिएको जति लगानी आउँछ । तर राज्यले स्वदेशी लगानी कर्तालाईभन्दा बिदेशी लगानी कर्तालाई प्रोत्साहन गर्नु अत्यन्तै गैरजिम्मेवारी हो भन्ने कुरा नेपाल डेरी एसोसिएसनको ठम्याई हो । नेपालमा डेरी क्षेत्रमा दिन दिनै लगानी बढ्दै गइरहेकोछ । आजसम्म करिब ४० अर्ब लगानी सहकारी क्षेत्र र डिडिसि बाहेक निजि डेरी क्षेत्रले मात्र गरिसकेको छ । दूधमा हामी ८० प्रतिशत आत्मनिर्भर भइसकेका छौं । दैनिक ६ करोड रकम शहरबाट गाउँसम्म जाने गरेको छ । ६ लाख कृषक परिवार दुग्ध क्षेत्रमा आस्रित छन् । ३५ हजारभन्दा बढीले डेरी उद्योगमा रोजगार पाएका छन् । कृषि क्षेत्रमा पनि ९ प्रतिशत दुग्ध क्षेत्रको मात्र योगदान रहेको छ । लाखौं अरु मानिसले दुग्ध क्षेत्रमा अदृश्य रुपले रोजगार पाएका छन् । पशुपालनले समग्र कृषि क्षेत्रलाई नै सहयोग पुर्याएको छ । खेतीपातीको लागि पशुपालन मल र गहुँतका लागि पहिलो प्राथमिकतामा पर्दछ भने अझ अर्गानिक उत्पादन त पशुपालनबाट पाइने गोबर र गहुँत नै मुख कुरा हो । त्यस अर्थमा पनि कृषि क्षेत्रमा दुग्ध क्षेत्रको ठूलो योगदान छ । आत्मनिर्भर उन्मुख कुनै पनि क्षेत्रमा विदेशी लगानी ल्याइनु हुँदैन । त्यो मध्ये दुग्ध क्षेत्र पनि एक मुख्य क्षेत्र हो जहाँ विदेशी लगानीको आवश्यक छैन ।

**बाँकी ....... २६ पृष्ठमा**

# चीनमा नेपाली चिया उत्पादकले जिते ६ स्वर्ण र ४ रजत




काठमाडौं फागुन १८ छिमेकी देश चीनमा ऐतिहासिक सफलता प्राप्त गरेका नेपाली चिया उत्पादक संस्थालाई सम्मान गरिएको छ । नेपालबाट सहभागी भई ६ वटा स्वर्ण र ४ वटा रजत गरी कूल १० वटा पदक प्राप्त गरेका चिया उत्पादक संस्थालाई एक कार्यक्रमबीच राष्ट्रिय चिया तथा कफी विकास बोर्डले सम्मान गरेको हो ।

चाइना टी मार्केटिङ एसोसिएसनको आयोजनामा चीनको फुचियान प्रान्तको फुआन शहरमा सेप्टेम्वर २० देखि २१ सम्म सम्पन्न दोस्रो विश्व कालो चिया गुणस्तर मूल्याङ्कन प्रतियोगिता (2nd World Black Tea Quality Evaluation Competition) मा उनीहरूले सफलता प्राप्त गरेका थिए ।

चिया उत्पादक संस्था तीनजुरे टी फार्मर कोअपरेटिभ सोसाइटीले पर्ल गोल्डेन ब्ल्याक टीको नमूना प्रस्तुत गरेर ग्राण्ड गोल्ड मेडल (स्वर्ण पदक) जितेको हो । यस्तै यही संस्थाले नर्मल गोल्डन ब्ल्याक टीको नमूना प्रस्तुत गरेर रजत पदक पनि जितेको छ ।

अन्य स्वर्ण पदक जित्ने संस्थाहरूमा फार्मर टी प्रोसेसिङ इन्डष्ट्रीज, हिमालयन साग्री(ला टी प्रोड्युसर्स, गोर्खा टी स्टेट प्रा.लि, सिद्धदेवी टी स्टेट प्रा.लि. र कञ्चनजंघा अर्गानिक अर्थोडक्स चिया उद्योग प्रा.लि.ले क्रमशः एफटी हिमालयन गोल्ड, साँग्री(ला गोल्ड, जीटीई गोल्डन टी, सिल्वर वीड्स र गोल्डन टिप्स टीको नमूना प्रस्तुत गरेका थिए ।

वि.सं. १९२० मा इलामका तत्कालीन बडाहाकिम गजराजसिंह थापाले चिया रोपण गरेपछि नेपालमा चिया खेतीको सुरुवात भएको अभिलेख पाइन्छ । राजा वीरेन्द्रले वि.सं. २०३९ सालमा झापा, इलाम, पाँचथर, धनकुटा र तेह्रथुम जिल्लाहरूलाई चिया क्षेत्रका रूपमा घोषणा गरेपछि सरकारीस्तरबाट व्यावसायिक चिया खेतीको प्रवर्द्धन भएको पाइन्छ ।

उक्त प्रतियोगितामा हिमालयन साग्री(ला टी प्रोड्युसर्स, श्री बराह टी इन्डष्ट्रीज प्रा.लि. र माइपोखरी चिया प्रशोधन उद्योगले क्रमशः हिमालयन सनराइज ब्युटी, स्पेसल ब्ल्याक टी र एमपी १० प्रस्तुत गरी रजत पदक जितेका हुन् ।बोर्डले देशभरबाट १६ वटा चियाका नमूना छनौट गरेर पठाएकामा १० वटा नमूनाले पदक जितेको राष्ट्रिय चिया तथा कफी विकास बोर्डले जनाएको छ ।

आर्थिक वर्ष २०७७/०७८ को तथ्याङ्क अनुसार नेपालमा १६ हजार ९ सय १७ हेक्टर क्षेत्रफलमा चिया रोपण भएको छ । जसबाट २३ हजार ७ सय ४५ मेट्रिक टन चिया उत्पादन गरिएको तथ्याङ्क छ ।

चियाको मूल्य श्रृंखलामा १७ हजारभन्दा बढी कृषक र ६० हजारभन्दा बढी श्रमिक संलग्न रहेका छन् । भन्सार विभागका अनुसार गत आवमा ३ अर्ब ७९ करोड ७१ लाख रुपैयाँबराबरको ११ हजार ९ सय २० मेट्रिक टन चिया निर्यात भएको छ ।

# अनुदानमा कृषि औजार तथा सामाग्री वितरण

काडमाडौं फागन २६ झापा विर्तामोड नगरपालिकामा आयोजित एक कार्यक्रमका विच लागत सहभागितामा विभिन्न ११ प्रकारका सामाग्री वितरण गरेको हो । कृषि शाखाले आयोजना गरेको कार्यक्रममा नगरका सबै वडामा रहेका तरकारी पकेट कार्यक्रम अन्तर्गत रहेका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि औजार तथा सामाग्री वितरण गरिएको छ ।

नगरपालिकाले मिनि टूलर ९ थान, ड्रिल मेशिन ३ थान, ड्याङ्ग बनाउने मेशिन १ थान, उकेर लगाउने मेशिन १ थान, हर्वना ४५ थान, स्प्रे ट्याङ्की ४५ थान, मल्चिन ३७ थान, टनेल ४० थान, हलो ५० थान, झार गोड्ने काँटा ६० थान प्रदान गर्नुका साथै विभिन्न प्रकारका तरकारीको विउविजन वितरण समेत गरेका छन् । जम्मा २१ लाख १० हजार ९ सय रुपैयाँको सामाग्री वितरण गरिएको कृषि शाखा प्रमुख राजेन्द्र कडरियाले जानकारी दिनु भयो । उक्त सामाग्री नगर प्रमुख पवित्रा महतारा प्रसाई र उप(प्रमुख नगेन्द्र प्रसाद संग्रौलाले हस्तान्तरण गर्नु भयो । कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले अनुदानमा दिएका सामाग्रीहरुको सही सदुपयोग गर्नु पर्ने बताउनु भयो । विर्तामोड नगरपालिकामा जनघनत्व बढ्दै गएको र कृषि क्षेत्र साँघुरिँदै गएको भन्दै खाली रहेका जग्गा जमीनहरु बाँझो नराख्न पनि आग्रह गर्नु भयो । उक्त कार्यक्रममा बोल्दै नगर उप(प्रमुख नगेन्द्र प्रसाद संग्रौलाले अर्गानिक तरकारी उत्पादनमा जोड दिनु भयो । भारतबाट आएको विषादी हालिएका तरकारीले क्यान्सर लगायतका प्राणघातक रोगलाग्ने भएकाले यहीं विषादी रहित तरकारी व्यवसायिकरुपमा उत्पादन गर्न कृषकहरुलाई आग्रह गर्नु भयो ।

आर्थिक विकास समिति संयोजक संगिता सिवाको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यपालिका सदस्य लक्ष्मी खतिवडा, तरकारी उत्पादन तथा व्यवस्थापन समितिका अध्यक्ष माधव सिटौला लगायतको सहभागिता रहेको थिए ।

# जैविक प्रविधिको प्रयोग र त्यसको महत्व

**डा. यूवकध्वज जिसी :**



नेपालका करीब तीन चौथाई कृषकहरू कृषि क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आश्रीत छन् । कूल जनसंख्याको बढी हिस्सा यस क्षेत्रमा संलग्न हुँदाहुँदै पनि देशकै उत्पादनले सम्पूर्ण जनसंख्यालाई भरथेग गर्न नसकीरहेकोस्थिति छ । विकसित राष्ट्रहरूमा उत्पादन बढाउने अचुक उपायको रुपमा आएको हरितक्रान्तिले नेपालमा पनि सामान्य प्रभाव पारेको छ । बढ्दो खाद्यान्नको मागलाई पूर्ति गर्न अत्याधिक मलको प्रयोग, विषादीको प्रयोग, उन्नत बीउ र प्रविधिहरूको संयोजन गर्ने रणनीतिहरू उन्नत कृषिमा अवलम्बन गर्न थालियो ।

परम्परागत खेति प्रणालीलाई विस्तारै विस्थापित गरी उन्नत प्रविधिद्वारा कृषि अवलम्बन गर्ने सन्दर्भमा केवल फाइदा मात्र भएको भने कुनै देशको तथ्यले पनि बताउदैन । यसको कारण विविध हुनसक्ने भएता पनि माटोमा भएको खाद्यतत्वको मात्राको आंकडा नगरी अत्याधिक मात्रामा कृतिम मलजल प्रयोग गर्नु, रोग र कीरा कम गर्ने मान्यता भन्दा पनि निर्मुल नै गर्ने प्रयत्नमा जथाभावी रुपमा जे पायो त्यही विषादीहरूको प्रयोग गर्नु र उन्नत बीउ विजनमा मात्र अत्याधिक निर्भरभई स्थानीय वालीहरूको पहिचान समेत नष्ट हुनु मूख्य रुपमा जिम्मेवार रहेको कुरा प्राय सबै प्राविधिकहरूको जनजिब्रोमा रहेको पाईन्छ । दोश्रो विश्वयुद्ध पश्चात विकसित कृतिम विषादीहरूको प्रयोग र प्राप्त नतिजाको पाठबाट विकसित राष्ट्रहरू खासगरी अमेरीका, वेलायत, जर्मनी र कैयौं मध्ये यूरोपियन देशमा सन् १९७० पछि उत्पादन बढाउने तौर तरीका र रोग कीरा नियन्त्रणमा ठूलै परिवर्तन आएको पाईन्छ । तर नेपालमा भने उक्त अवधि त के हालसम्म पनि कतिपय रासायनिक विषादी र कृतिम मलहरू मात्र उत्पादन वृद्धि गर्ने अचुक उपायहरू हुन भन्ने मान्यताले अधिक कृषकस्तरमा प्रश्रय पाएको पाईन्छ । जसको फलस्वरुप रोग वा कीराको पहिचानै नगरी जे पायो त्यहि विषादी र जति चाह्यो त्यति मात्रामा विषादीको प्रयोग आवश्यक भन्दा बढी हुन जानाले हालको अवस्थामा केही प्रत्यक्ष नकारात्मक असरहरू र कैयौं अप्रत्यक्ष दीर्घकालीन असरहरू भईरहेको पाईन्छ । जसको फलस्वरुप हाल कुनै पनि कीराले विगतमा सिफारीस गरिएको विषादी, मात्रा र प्रयोगको पटकलाई पटक्कै टेरपुच्छर लगाएको पाईदैन । एकातर्फ अधिकांश कृषकले विषादीको मात्रा बढाउँदै लगेको पाईन्छ भने अर्को तर्फ केही मात्रामा अगुवा कृषकहरूमा विषादीको विकल्पहरू सोधखोज गरेको पनि पाईन्छ । विषादीको प्रत्यक्ष असरहरूमा मानिसमा रिङ्टा लाग्नु, वाकवाकी लाग्नु, वान्ता हुनु, टाएको दुख्नु र बढी असर परेको भए मृत्यु समेत हुन सक्दछ । त्यस्तै अप्रत्यक्ष असरहरूमा महिलाहरूमा बाँझोपन हुनु पुरुषत्वमा कमी आउनु, भविष्यमा जन्मने बालबच्चाहरू लुलो लङ्गडो र अपाङ्ग हुनु, सूस्त मनस्थितिका हुनु र विषादीबाट क्यान्सर जस्ता घातक रोग समेत हुन सक्दछन् ।



मानिसको अलवा अन्य अलक्षित वस्तुहरूमा पनि विषादीले असर गर्दछन् । विषादीको प्रयोग हुँदै जाँदा कालन्तरमा स्वयं किराहरूको पनि प्रकोप बढ्ने कुरा विकसित राष्ट्रहरूमा गरिएको विभिन्न अध्ययन प्रतिवेदनबाट जानकारी हुन आउछ । यसको कारणमा मुख्यतया कीराहरूले विषादी पचाउन सक्ने क्षमताको विकास हुनु, कीराका नयाँ प्रजातीहरूको विकास हुनु, उत्पादित विषादीको गुणस्तर राम्रो नहुनु र कृषकहरूले कीरा तथा रोगको पहिचान नगरी सही विषादीको प्रयोग गर्न नसक्नु आदी मूख्य रुपमा रहेका छन् । यिनै कुरालाई मध्येनजर गरी विकसित राष्ट्रहरूले विषादी रहित प्रविधिहरूको खोजको सन्दर्भमा ढुसी, व्याक्टेरीया, भाइरस, नेमाटोड र अन्य सुक्ष्मजीवमा आधारित विषादीहरूको प्रयोग सुरू गरेका छन् । यी जीवहरूको दीर्घकालीन रुपमा प्रयोग गर्दै जाँदा कीराहरूको संख्या न्यून् हुने विभिन्न परिक्षणबाट जानकारी हुन आएको छ । यिनै कुराहरूलाई मध्येनजर गरी हाम्रो देशमा पनि जैविक वस्तुमा आधारित विषादीहरू मध्ये ढूसीजन्य विषादी माटोमूनि बसी क्षति गर्ने किराहरूको विरुद्धमा प्रयोग बारे परिक्षण कार्य भै रहेको छ । माटाका कीराहरूविरुद्ध जैविक विषादीहरूको भूमिका र नेपालमा यसका कदमहरूको संक्षिप्त जानकारी दिने प्रयत्न गरिएको छ ।

**माटैंका कीराहरूको एक परिचय :**

माटोमा रहने केही प्रमुख हानीकारक कीराहरू जस्तैः खुम्रे, रातो कमिला, धमिरा, फित्ते कीरा आदि प्रमुख हुन र यिनको सरदर क्षति १३ हजार ९ सय ४५ सम्म रहेको विभिन्न अध्ययनबाट पाईएको छ । यी मध्ये विगत केही वर्षदेखि खुम्रेकीराहरू निकै कठिन कीराको रुपमा देखापरेका छन् । यी सबैजसो कीराहरूले एकै प्रकारले जीवनयापन गरे तापनि यिनका अवस्थामा भने केही फरक पाईन्छ । जस्तो खुम्रे कीराको फुल पछि बच्चा र अचल अवस्था हुदै माउ बन्छन् भने किर्थो कीराको फूल पछि माउ जस्तै देखिने सानो बच्चा हुँदै पुन माउ बन्छन् ।

सामान्यतया माटो मूनी बस्ने कीराहरूले जमीन भित्रै फूल पारी बच्चा तथा माउ

दुबैले जमीन मूनी र जमीनको सतहमा काटेर वा चपाएर नोक्सान गर्दछन् ।

माटोमा बसी क्षति गर्ने मुख्य कीराहरूका अलवा प्राय अन्य कीराहरूले पनि जीवनको कुनै एउटा अवस्था माटोभित्र नै गुजार्ने हुदा माटोमा जैविक विषादीको प्रयोग कालन्तरमा प्रभावकारी हुने कुरा विकसित राष्ट्रहरूमा गरिएको परीक्षणबाट स्पष्ट हुन आएको छ । तर नेपालमा अधिकांश कृषकहरू माझ बालीनालीको क्षती बारे रोग वा कीरा कुन हो भन्नेसम्म पनि जानकारी विना नै रोकथाममा जाने प्रवृतिले विषादीहरूकोस्थिति भयावह हुन पनि सक्दछ । रोकथाम र नियन्त्रण भन्ने शब्द पनि जानकार कृषक वा प्राविधिकहरूबाट विश्लेषण गरी उपयुक्त तौरतरिकामा आम कृषक माझ लैजानु आवश्यक देखिन्छ । यी पक्षहरूको आधारमा कीराहरूको रोकथाम गर्न कीराहरूले कसरी जीवनी गुजार्छन् ? के खान्छन् ? कहाँ बस्छन् ? कुन अवस्था हानीकारक हो ? आदी तथ्यहरू थाहा पाउनु नितान्त आवश्यक छ । अधिकांश नेपाली कृषकहरूले यी पक्षहरूको जानकारी वीना रोकथाम अवलम्वन गरेका कारण पेट दुखेको अवस्थामा टाउको दुख्ने औषधिहरू खाए जस्तो भएको पाईन्छ जसको परीणाम प्रयोग गरेको विषादी हानीकारक जीवहरूकाविरुद्ध नभई लक्ष्य नगरिएका उपयोगी जीवहरू मानव शरीर तथा वातावरणमा नकारात्मक असरहरू पर्ने भएकाले वातावरणमै उपलब्ध स्वदेशी जैविक विषादीहरूको प्रयोग माटो मुनी बसी क्षती गर्ने कीराकाविरुद्ध अत्यन्त समय सान्दर्भिक देखिन्छ ।

***जैविक विषादी भन्नाले के बुझिन्छ ?***

बाली विरुवामा लाग्ने नानाथरीका जीवहरूको उपस्थिति एवं आक्रमण कम गर्न वातावरण (माटो, पानी, र हावा) तथा जीवहरूमा उपलब्ध शूक्ष्मजीवहरू जस्तै व्याक्टेरिया, भाईरस, ढूशी, नेमाटोड इत्यादीहरूलाई कुनै धुलाउने पदार्थमा तैयार गरी हानिकारक कीराहरूका विरुद्ध प्रयोग गरी तीनको रोकथाम गरिन्छ भने तिनलाई जैविक विषादी भनिन्छ । सुष्मजीवहरू वास्तवमा जीवित वस्तुहरू हुन । यिनलाई तैयार गरेपछि, प्रयोग गरुञ्जेलसम्म पनि अनुकूल वातावरण ( चिस्यान, अक्सिजन, तापक्रम र सापेक्षिक आर्द्रता) मा संचितीकरण गरी जीवित अवस्थामै राख्नु पर्छ । यिनीहरू पूनर्जिवीत हुँदै जान्छन् तसर्थ यिनको प्रयोग, प्रयोगकर्ताले विषादीको प्रयोग भन्दा भिन्न रुपमा सोची होसियार साथ प्रयोग गर्नु पर्दछ ।

जैविक विषादीहरू वातावरणीय र माटोको उच्च तापक्रममा छिटो नष्ट हुने भएकाले यिनको भण्डारण र प्रयोग खासगरी २५ डिग्री से.ग्रे. भन्दा न्यून् रहने अवस्था हेरिनु जरुरी छ । त्यस्तै माटोको चिस्यान पनि १४५ भन्दा कम नहुनु राम्रो मानिन्छ । नेपालमा उक्त अवस्थाहरू खासगरी जाडो मौसम र वर्षाको समय दुबैमा हुने भएकाले यिनको प्रयोग त्यहिँ समयमा लक्षित गरिएमा तुलनात्मक रुपमा बढी फाइदा लिन सकिन्छ ।

***माटो मुनी बसी क्षती गर्ने कीरालाई जैविक विषादी नै किन ?***

प्रकृतिमा देखिने सबै कीराको क्षती गर्ने तौरतरीका फरक(फरक हुन्छन् र तिनका अवस्था पनि भिन्न(भिन्न प्रकारका हुन्छन् । अवस्थै पिच्छे क्षती गरिने बाली, बालीहरूको भागहरू पनि फरक छन् ।

सामान्यतया माटो मुनी बसी खाने कीराहरूको भने फूल पार्ने ठाउ माटो नै हो । क्षती गर्ने अवस्था पनि बच्चा वा लार्भा (मूख्य) र माउ (केही मात्रामा) हुन् । यी मध्ये लार्भा अवस्था लामो हुने र जैविक विषादीहरू माटोमा मिसाई दिूदा यिनका हानीकारक कणहरू कीराको नरम छाला, गुद्धार, स्वास फेर्ने प्वालहरू हुँदै भित्र पस्दछ र अन्तमा उक्त कीराहरू रोगाई मर्दछन् ।

मरेका किराहरूमा जैविक विषादी भने अन्य वातावरण अनुकूल भएमा जीवित रुपमा रहन्छन् । हुनत जैविक विषादीहरूले रासायनिक विषादीको तुलनामा कीराको उपस्थिति र क्षतीलाई निमिट्यान्न हुनेगरी कम गर्न सक्दैनन् तापनि यिनको प्रयोग पछि पनि उक्त सुष्मकणहरू माटो तथा मरेका कीरा हुँदै पुनः जीवित कीराहरूमा पुर्नजीवित भईरहने प्रकृया भएको हुदा कालान्तरमा कीराहरूको उपस्थिति कम हुन्छ । साथै विषादीहरूले जस्तो यिनले वातावरण तथा मानव शरीरमा प्रतिकूल असर नपार्ने हुँदा जैविक विषादीहरूलाई केही झन्झटीलो र सुरुमा खर्चिलो देखिए तापनि यिनको महत्व अप्रत्यक्ष रुपमा रहेको कुरा स्पष्ट हुन आउँछ । यसको मुख्य कारणमा जैविक विषादीहरू रासायनिक पदार्थमा आधारित विषादीको तुलनामा प्रयोग गरि सकेपछि बोट विरुवा, माटो, पानी तथा वातावरणमा छिट्टै विर्सजन हुने गर्दछन् । अर्को तर्फ रासायनिक विषादी भने शरीरको विभिन्न भागहरू र खासगरी बोसोमा जम्मा भई अन्तमा रक्तकणमा मिसिन गई क्यान्सर समेत हुन सक्दछ । जैविक विषादीको महत्व माटोमा बस्ने कीराहरूका विरुद्ध अत्यन्त बढी हुनुमा थुप्रै कारणहरू हुन सक्ने भए तापनि मुख्य रुपमा निम्न बमोजिम लिन सकिन्छ ।

माटो मुनी बसी क्षती गर्ने कीराहरू प्राय कठीन जीवनी तथा नरम शरीर भएका लाम्रे हुन यी जीवहरू प्राय चलनचल्तीमा आउने विषादीलाई पचाउन सक्ने क्षमता विकास गरिसकेका छन् । तसर्थ जैविक विषादी जस्तो एक पटक प्रयोग गरेपछि पुनर्जीवित हुदै जाने सुष्म जीवहरू प्रयोग गर्नाले विभिन्न समयमा देखापर्ने विभिन्न प्रकारका कीराका अवस्थामा सर्दै जान्छन् र पटक पटक प्रयोग गर्नु पर्दैन । सुष्म जीवहरू माटोमा भएको चिस्यान र खुम्रे कीराका लार्भाहरूमा सहजै जीवित रहन सक्दछन् । माटो मुनी गरिने बालीनालीहरू जस्तै गाजर, मुला, आलु र अन्य थुप्रै जरे समूहका बालीनालीमा फोरेछ जस्ता घातक विषादी प्रयोग भईरहेको वर्तमान सन्दर्भमा जैविक विषादी प्रयोग गर्नाले क्यान्सर जस्तो घातक रोग र अन्य थुप्रै समस्याबाट बच्न सकिन्छ ।

त्यस्तै यिनको प्रयोगबाट प्रयोगकर्ता, उपभोक्त एवं लक्ष्य नगरिएका जीवहरू (जस्तै उपयोगी कीरा जनावरहरू) मा असर हुदैन र कीराहरूले विषादी जस्तो प्रतिरोधात्मक क्षमता विकास गर्न सक्दैनन् । वातावरण, मानिस इत्यादीमा असर नपर्ने र जैविक विषादीप्रयोग गर्दै जाँदा धेरै मात्रा घटाउुदै जानु पर्ने भएकाले कालान्तरमा जैविक विषादीको प्रयोग विषादी भन्दा महँगो हुँदैन र वातावरण सहयोगी हुन्छ । नेपाल जस्तो मुलुकमा वास्तवमा घरायसी वस्तु कीराबाट तथा माटोबाट निकालेर विभिन्न माध्यमहरूमा उत्पादन गरिएका जैविक विषादीहरूको निकै महत्व हुन सक्छ । किनकी रासायनिक विषादी उत्पादन गर्ने उद्योग कलकारखनाहरू देशमा छैनन । हाल नेपालमा अन्य देशहरूबाट आयतीत जैविक विषादीहरू बजारमा उपलब्ध छन् जसको कारण सालिन्दा मोटो रकम बाहिर गई रहेको छ ।

नेपालमै स्थानीय प्रजातीका जैविक विषादीहरू माटो तथा कीराको शरिरमा प्राप्त गर्न सकिने भएकोले यिनको उत्पादन कार्यलाई अगाडी बढाएमा अन्य देशबाट ल्याई रहने झन्झट नहुने स्पष्ट देखिन्छ । विषादीको विकल्पमा सुरक्षित जैविक विषादी उपलब्ध गराउन सकिएमा उपयोगकर्ताहरूमा हुने दीर्घकालीन असरहरू जस्तै क्यान्सर, प्रजनन सम्वन्धी समस्या र अन्य प्रत्यक्ष एवं अप्रत्यक्ष समस्या कम गर्न सकिन्छ ।

# कृषिमा प्रत्यक्ष वैदेशिक लगानीको बाटो खोल्ने सर्वोच्चको फैसलाप्रति असहमति

काठमाडौं फागुन १५ सरकारले कृषिमा प्रत्यक्ष वैदेशिक लगानीको बाटो खोलेसँगै खाद्यका लागि कृषि अभियानले यसको प्रतिरोध गरेको छ। सर्वोच्चको फैसलासँगै यसरी खुला गरिएको प्रत्यक्ष वैदेशिक लगानीले नेपाली साना तथा सीमान्तकृत किसानहरूको जमिनमाथिको पहुँच, स्वरोजगार क्षेत्र र स्थानीय कृषि बजार गुम्ने बताउँदै उक्त अभियानले यस निर्णयको विरोध गरेको जनाएको हो।



ठूलो लगानीको निर्यातमुखी कृषि उत्पादन प्रकृयाले समग्र कृषि उपजमाथिको स्थानीय पहुँच बढ्ने र त्यसको फलस्वरूप साना तथा सीमान्तकृत किसानहरू कृषि पेशाबाट पलायन हुन बाध्य हुने खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले बताएका छन्।

कृषिमा प्रत्यक्ष वैदेशिक लगानीको बाटो खुला हुँदा देशव्यापी खाद्य असुरक्षाको जोखिम बढ्ने र विद्यमान खाना तथा खेतीपातीका संस्कृतिहरू भत्किने अभियानले ठहर गरेको छ।

"प्रत्यक्ष लगानीका पक्षधर सरोकारवालाले ७५ प्रतिशत उत्पादन निर्यात गर्ने, व्यापार घाटा कम गराउने, नवीन वैज्ञानिक प्रविधिको प्रसार हुने, कृषि क्षेत्रको व्यावसायिकता वृद्धि हुने, रोजगारीको वृद्धि हुने जस्ता आधारहरूमा टेकेर गरिएको प्रस्तावमा सर्वोच्चले गरेको फैसलामा खाद्यका लागि कृषि अभियान असहमति व्यक्त गर्दछ। बाह्य प्रविधि व्यवस्थापन, आर्थिक तथा मानवीय स्रोतको लगानीबाट केही ठूला बहुराष्ट्रिय कम्पनी र बिचौलिया मात्र लाभान्वित हुने गरेको तीतो यथार्थ छ।" खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "यसर्थ, नेपालको संविधानमै उल्लेख भएको खाद्य संप्रभुताको मर्मको सम्मान गर्दै आम नागरिकको खाद्य सुरक्षा कायम राख्न अन्तःनिर्भर दिगो कृषिलाई प्रवर्द्धन, विकास र प्रसार गर्न सम्पूर्ण सरोकारवाला निकाय समक्ष खाद्यका लागि कृषि अभियान जोडदार माग गर्दछौं।"

ठूलो लगानीको निर्यातमुखी कृषि उत्पादन प्रकृयाले समग्र कृषि उपजमाथिको स्थानीय पहुँच बढ्ने र त्यसको फलस्वरूप साना तथा सीमान्तकृत किसानहरू कृषि पेशाबाट पलायन हुन बाध्य हुने खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले बताएका छन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले २०७७ पुस २० गते राजपत्रमा सूचना निकालेर विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूची संशोधन गरी कृषिमा प्रत्यक्ष वैदेशिक लगानीको बाटो खोलेको थियो। सरकारको यस निर्णयको विरुद्धमा अधिवक्ताद्वय पुण्यप्रसाद खतिवडा र दिपकविक्रम मिश्रले सर्वोच्च अदालतमा रिट निवेदन पेश गरेकामा उक्त रिटमा सर्वोच्च अदालतबाट २०७७ साल माघ ४ गते उक्त "निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु" भनी अन्तरिम आदेशसमेत जारी भएको थियो।

तर २०७९ साल जेष्ठ २० गते सरकारको निर्णय संविधानसम्मत र सरकारको कार्यक्षेत्रभित्र पर्ने कानुनी आधार देखिएको भन्दै रिट निवेदकले माग गरेबमोजिम आदेश र परमादेश दिनु नपर्ने भन्ने सर्वोच्चले फैसला गरेको छ। साना, सीमान्तकृत तथा महिला किसानलाई प्रत्यक्ष असर पर्ने हुँदा तत्कालै यस निर्णयको व्यापक विरोध भएको थियो। खाद्यका लागि कृषि अभियानलगायत अन्य संघ-संस्थाले "किसान विरोधी निर्णय" भन्दै यसको प्रतिवाद गर्दै आइरहेका छन्।

# किसानले ६५ रुपैयाँ पाउन

काठमाडौं, फागुन २० सरकारले दूधको मूल्यमा प्रतिलिटर ९ रुपैयाँले बढाएर ६५ रुपैयाँ प्रतिलिटर पुऱ्याएको छ। अब किसानले ६५ रुपैयाँ प्रतिलिटरमा दूध बेच्ने छन्। यसअघि किसाने ५६ रुपैयाँमा बिक्री गर्दै आएका थिए।

दूध व्यवसायीले प्रतिलिटर १० रुपैयाँ बढाउने गरी प्रस्ताव अघि सारेको भए पनि सरकारले ९ रुपैयाँले मात्र बढाएको हो।

फागुन १२ गते शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले दूधको मूल्य लिटरमा ९ रुपैयाँले बढाएर ६५ रुपैयाँ प्रतिलिटर पुऱ्याएको हो। हाल उपभोक्ताले ८३ रुपैयाँ प्रतिलिटरमा खरिद गर्दै आइरहेका छन्। अब भने किसानले पाउने मूल्य बढेपछि उपभोक्ताले पाउने मूल्य अझै थप हुँदा उपभोक्तालाई मार पर्ने देखिन्छ।

हाल दूधको माग ३५ लाख लिटर भए पनि ३० लाख लिटर मात्र उत्पादन हुन सकेको छ। करिब ५ लाख लिटर दूध अपुग छ। अपुग मागलाई कच्चा दूध आयात गरेर मागपूर्ति गर्नुपर्छ नभए डेरी उद्योगीहरू संकटमा पर्ने अवस्था रहेको सम्बन्धित निकायले बताउदै आएको छ।

# कृषि, डेरी तथा पोल्ट्रीसम्बन्धी अन्तर्राष्ट्रिय प्रदर्शनी

भरतपुर माघ २७ चितवनमा कृषि, डेरी तथा पोल्ट्री सम्बन्धी अन्तर्राष्ट्रिय प्रदर्शनी सम्पन्न भएको छ ।



चितवनमा कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहको प्रमुख आतिथ्यमा उद्घाटन भएको हो ।

पाँचौं एग्रोटेक अन्तर्राष्ट्रिय प्रदर्शनी(२०७९ मा आधुनिक कृषि यन्त्र तथा उपकरणहरू, आधुनिक खेती प्रणाली, थोपा सिँचाई, डेरी, पोल्ट्री, मत्स्यपालन उद्योग, पशुपालन उद्योग एवं खाद्य प्रविधि उद्योगसम्बन्धी प्रविधिबारे प्रदर्शनी गरिएको थिए ।

अन्तर्राष्ट्रिय कृषि प्रदर्शनीमा १ सय ५० भन्दाबढी स्वदेशी तथा विदेशी संघ-संस्था र हजारौं कृषि व्यवसायीहरूको सहभागीता भएको त्यस क्रमक्रमले एकअर्काका ज्ञानलाई सिक्ने र तिनको प्रवर्द्धनमा सहयोग पुग्ने आयोजकले जनाएको छ ।

एग्रिटेक प्रदर्शनीले कृषकहरूलाई परम्परागत कृषि प्रणालीबाट वैज्ञानिक कृषि प्रणालीमा लैजान महत्वपूर्ण भूमिका खेलेको मन्त्री साहले बताइन् ।

कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी शाहले चितवनमा भएको प्रदर्शनीले सामान्य किसानदेखि ठूलो परिमाणमा व्यावसायिक कृषिसँग सम्बन्धित काम गर्दै आएका कृषकहरूलाई परम्परागत कृषि प्रणालीबाट वैज्ञानिक कृषि प्रणालीमा लैजान महत्वपूर्ण भूमिका खेलेको बताएकी छिन् ।

प्रदर्शनीको अवलोकन गर्दै मन्त्री साहले देशको समग्र अर्थतन्त्रको हिस्सा ओगटेको कृषि प्रधान देश नेपालमा कृषिसँग सम्बन्धित प्रदर्शनीहरूले निकै ठूलो महत्व राख्ने बताएकी हुन् ।

सोही अवसरमा प्रदर्शनीको अवलोकन गर्दै मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री वसन्त कुशवाहा, कन्सुल जनरल भारत बीरगञ्जका प्रमुख नितेश कुमार, इसोचामका सहायक निर्देशक मनाङ्क शर्मा लगायतले प्रदर्शनीले वास्तविक कृषकहरूको मर्म र भावना समेटन् सक्ने, प्रदर्शनी निकै फलदायी भएको बताएका थिए ।

यसैबीच प्रदर्शनीको अवलोकनपश्चात् चितवन उद्योग संघको आयोजनामा मन्त्री साहसँग कृषि उद्यमशीलता सम्बन्धी छलफल पनि गरेका थिए ।

प्रदर्शनीमा कृषिसँग सम्बन्धित देश तथा विदेशबाट अवलोकनकर्ताहरू आउन लागेको डा. जीत चन्दले जानकारी दिएका थिए । कार्यक्रममा कृषिसँग सम्बन्धित भारतीय प्रविधिहरू पनि प्रदर्शन गरिएको छ ।

कार्यक्रमलाई नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले प्रवर्द्धन गरेका थिए । प्रर्दशनीबाट नेपालको कृषि क्षेत्रलाई उपयुक्त हुने नविनतम् प्रविधि तथा सेवाहरूको पहिचान गर्न मद्दत मिल्ने र तीनको प्रयोगद्वारा कृषि उत्पादन वृद्धि भई मुलुकलाई कृषि उपजमा आत्मनिर्भर बन्न टेवा पुग्ने विश्वास गरिएको छ ।

प्रदर्शनीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, पशु सेवा विभाग, राष्ट्रिय दुग्ध विकास बोर्ड, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, राष्ट्रिय कृषक समूह महासंघ, नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेड, नेपाल पोल्ट्री महासंघ, नेपाल कृषि मेसिनरी व्यवसायी संघ, नेपाल चेम्बर अफ कमर्स, चितवन उद्योग संघ लगायतका विभिन्न संघ-संस्थाहरू सहयोगी संस्थामा रहेका थिए । कृषि क्षेत्रको विकास गर्ने उद्देश्यले शुरु भएको प्रदर्शनी चितवन एक्सपो सेन्टर भरतपुरमा २८ र २९ गतेसम्म चलेको थियो । बिहान १० बजेदेखि बेलुकी ६ बजेसम्म आधुनिक कृषि यन्त्र तथा उपकरणहरू निःशुल्क अवलोकन गर्न सकिने व्यवस्थापन गरेका थिए ।

**विदेशी लगानी .........**

नेपाली कृषि उत्पादन निर्यात गर्न सके व्यापारघाटा कम हुने विदेशी मुद्रा प्राप्त हुने र अर्थतन्त्रका बाह्य सूचकहरुमा सुधार आउने दावीका साथ ल्याइएको कृषिमा वैदेशिक लगानी खुल्लाको निर्णयले नेपाली ग्रामीण पारिवारीक, सांस्कृतिक तथा आत्मनिर्भर खेती प्रणाली अवलम्वन गरि जिविका चलाउँदै आएका करिब दुई तिहाईभन्दा बढि कृषि क्षेत्रमा सरोकार राख्नेहरुको रोजगारी खोसिने र जिविकोपार्जनमा प्रत्यक्ष असर पर्ने छ । प्रत्यक्ष वैदेशिक लगानी यहाँ ल्याई नेपाली साधन श्रोतमा उनीहरुको पहुँच, स्वामित्व र नियन्त्रण स्थापित गराएर नाफा कमाउन बाहेक विदेशीहरुको अर्को उद्देश्य केहि रहँदैन । वास्तवमा नेपाली कृषि क्षेत्रलाई सक्षम बनाई उत्पादन बढाउनु राज्यको दायित्व हो । यसबाट राज्य पन्छन मिल्दैन । यसर्थ कृषिमा वैदेशिक लगानी खुला गरिंदा कृषि प्रधान देशको रुपमा परिचित नेपाल कालन्तरमा आफ्नो खेतबारीबाटै पलायन हुने, दैनिक रोजीरोटी र जीविकोपार्जनबाट बंचित हुने अवस्थाको श्रृजना भई संविधानले सुनिश्चित गरेको कृषकको मौलिक हक समेत हनन् हुने भएकाले सबै कृषि क्षेत्रमा सरोकार राख्नेहरुको अधिकार रक्षाको लागि वैदेशिक लगानी होइन नेपाली लगानी मार्फतबाटै नेपाली कृषि क्षेत्रलाई प्रविधि सम्पन्न बनाई कृषि विकासको माध्यमबाट देशको अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउन,बेरोजगार साना किसानहरु, साथै कृषि उत्पादनमा आधारीत उद्यमीको अधिकार सुनिश्चितताको लागि हामी अपिल गर्दछौ । साथै सबै कृषकहरुलाई सरकारवाट सहयोग पुर्याउन सरकार समक्ष जोडदार माग गरिन्छ । किसानको अधिकार र नेपाली कृषि बचाउ अभियानमा सम्बन्धित सबैको हातेमालोको लागि आहवान गर्दछौ ।

# International Women's Day 2023

*Under the theme: "DigitALL: Innovation and technology for gender equality: Leveraging the transformative power of inclusive digitalization and innovation for rural women and girls today's event in Rome brought together thought leaders, policy and change makers who are working on innovative solutions to bring about gender equality in rural areas and beyond.*

International Women's Day 2023: Bringing the digital gender divide is essential for unleashing women's potential in rural areas, say UN food and agriculture agencies FAO-IFAD-WFP push to enhance rural women and girls' digital capabilities and tackle the barriers they face to access technology to be equal contributors to our agrifood systems.
08/03/2023
Rome - Inclusive access to digital technologies and education is crucial to reducing gender inequalities and empowering rural women and girls - that was the message from three United Nations' food and agriculture agencies as they marked International Women's Day 2023.
Participants at the event, co-organised by the Food and Agriculture Organization of the United Nations (FAO), the International Fund for Agricultural Development (IFAD) and the World Food Programme (WFP), recognized that while digitalization on its own cannot solve all the gender-related disadvantages women face, if provided with equal access to digital technology and education, women can have a more active and effective role in our agrifood systems.
"Admittedly, it is discouraging to celebrate International Women's Day in a time when we are going backwards on gender equality and are seeing widening gender gaps in science, technology and innovation," said FAO Deputy Director-General Beth Bechdol. "When we invest in rural women, we invest in resilience, in the future of our communities and in creating a more inclusive and equitable world - one where no one is left behind."



*Discussions also highlighted the achievements of rural women related to digital literacy, digital skills and agripreneurship.*

"Without increased access to digital technology and innovation, rural women and girls will continue to face barriers and socio-economic disadvantages, making it harder for them to fully participate in rural economies," said IFAD Associate Vice-President Jyotsna Puri, Strategy and Knowledge Department. "Gender inequality and the urban-rural divide will only worsen unless we create a more inclusive and prosperous society for everyone."
"Food security for households and communities is in the hands of the women. It is only through women's empowerment that we can build a world where no one goes to sleep hungry," said WFP's Deputy Executive Director, Valerie Guarnieri. "Putting resources in the hands of women is a no-brainer and with this comes the transfer of knowledge and skills including digital literacy to help these women realize their full potential. Now that's the kind of game changer that we can all get behind."
While there is a rapid proliferation of digital tools and services, women continue to face systemic and structural barriers in accessing and adopting new technologies. Evidence on the gender gap indicates that globally 69 percent of men are using the internet compared with 63 percent of women. Women in Low- and Middle-Income Countries (LMICs) are 16 percent less likely to use mobile internet than men, and progress in reducing the mobile internet gender gap has stalled.
Recent statistics show that this contrast is even starker in rural areas. Rural women are particularly disadvantaged in terms of access to Information and Communication Technologies (ICTs)

and less likely to engage with ICT solutions, due to constraints such as affordability, illiteracy, user capabilities, and discriminatory social norms.

Under the theme: "DigitALL: Innovation and technology for gender equality: Leveraging the transformative power of inclusive digitalization and innovation for rural women and girls today's event in Rome brought together thought leaders, policy and change makers who are working on innovative solutions to bring about gender equality in rural areas and beyond. Discussions also highlighted the achievements of rural women related to digital literacy, digital skills and agripreneurship.

